# वर्गदृष्टि साप्ताहिक

Bargadristi Weekly


## ‘विप्लवका नेता कार्यकर्ताको गिरफ्तारी र यातना बन्द गर’



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले एक वक्तव्य जारी गरी विप्लव नेतृत्वको नेकपाका नेता हेमन्तप्रकाश ओली सुदर्शनको गिरफ्तारीको कडा विरोध एवम् भर्त्सना गरेको छ । पार्टी महासचिव मोहन वैद्य‘किरण’ले शनिबार एक वक्तव्य जारी गरी नेता सुदर्शन गिरफ्तारीको विरोध एवम् भर्त्सना गरेका हुन् ।

वक्तव्यमा भनिएको छ, “सरकारद्वारा हालै विप्लव नेतृत्वको नेकपाका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली सुदर्शन ...बाँकी ७ पेजमा


वर्ष ३ अङ्क ३९ पूर्णाङ्क १३७ | २०७५ चैत ११ गते सोमबार | Monday, Mar. 25, 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-


# ‘नेपालमा सिधै अमेरिका पस्दैछ’




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य‘किरण’ले साम्राज्यवादी मुलुक अमेरिका नेपालमा सिधै पस्न थालेको र सिके राउत प्रकरणका पछाडि पनि अमेरिकी साम्राज्यवादीहरूको हात रहेको दावी गरेका छन् । विप्लवमाथि लगाएको प्रतिबन्ध, टिकापुर घटनामा रेशम चौधरीलगायत ११ जनालाई दिइएको जन्मकैदको सजाय आदि घटनाक्रमहरूले इतिहासको पुनार वृत्ति भएको भन्दै महासचिव किरणले विगतमा दशवर्षसम्म जनयुद्धको नेतृत्व तहमा रहेका प्रचण्ड-बादलप्रति लक्षित गर्दै भने, “हिजो माओवादीका विरुद्ध कांग्रेस-एमालेहरूले बोल्ने भाषा अहिले प्रचण्ड-बादलहरूले बोल्न थालेका छन् । नर्कमा पस्दा पनि गौरव मान्छन् गद्दारहरू ।”

क्रान्तिकारी माओवादी निकट अखिल नेपाल जनसाँस्कृतिक महासंघको केन्द्रीय समितिको आयोजनामा गरिएको साँस्कृतिक प्रतिरोध दिवसलाई सम्बोधन गर्दै महासचिव किरणले सहिद तथा वेपत्ता योद्धाहरूको बलिदानलाई खेर जान नदिने प्रतिबद्धता जनाए । उनले भने, “अहिले जनयुद्ध असफल भयो, धक्का खायो । अब जनयुद्धमा भएको बलिदानको कुनै मूल्य छैन भनेर धेरै मानिसहरूले भनेको पाइन्छ । यो एकदमै गलत कुरा हो । सहिदहरूको रगतको मूल्य खेर जाँदैन । खेर जान दिइने छैन । आजको दिनमा हामी सबैले सहिदहरूले देखाएको बाटोमा हिड्ने प्रतिबद्धता जोहर गर्नु पर्दछ । मेरो पनि यही प्रतिबद्धता छ ।”

जनयुद्ध बन्दुक, कलम र मादलको संगम थियो भन्दै महासचिव किरणले नेपालमा परिवर्तन गर्नका निम्ति राजनीतिककर्मीहरूले महत्वपूर्ण भूमिका खेले र त्यसैको हाराहारीमा साहित्यकार र कलाकारहरूले पनि भूमिका खेलेको बताए । कला साहित्य तथा साँस्कृतिक फाँटका सहिदहरू विशेष स्मरणीय रहेको पनि बताए । र, भने, “क्रान्तिमा विचार/राजनीतिसँगै बन्दुक र साहित्य तथा कलाको भूमिका महत्वपूर्ण हुन्छ । नयाँ जनवादी क्रान्तिका लागि अब फेरि अर्को नयाँ राजनीतिकका साथै साहित्यिक, साँस्कृतिक अभियान तथा आन्दोलनको थालनीका लागि आफूलाई सबैले आ-आफ्नोबाट तयार पारौं ।”

परिस्थिति सच्चा क्रान्तिकारीहरू एकै ठाउँ गोलबन्द हुने स्थिति बलियो बन्दै गएको भन्दै महासचिव किरणले नयाँ जनवादी क्रान्ति पूरा गरी वैज्ञानिक समाजवादी क्रान्तिको बाटोमा अगाडि बढ्ने कुरामा सहमत ...बाँकी ७ पेजमा

## ‘प्रधानमन्त्री ओली हिटलर बन्न खोजे’



पोखरा । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको ४ नं. प्रदेशको प्रथम सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले प्रधानमन्त्री केपी ओली हिटलर जस्तै फासिवादी बन्न खोजेको टिप्पणी गरेका छन् । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य समेत रहेका नेता गजुरेलले भव्य सभाबीच मैनबत्ति बालेर पोखराको कान्तिपुर पार्टी प्यालेसमा सम्मेलनको उद्घाटन गर्दै यस्तो टिप्पणी गरेका हुन् ।

नेता गजुरेलले ओली सरकारका पालामा राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकामाथि गम्भिर संकट उत्पन्न भएको भन्दै त्यसको आम नागरिकद्वारा विरोध भएपनि सरकारले जनविरोधी हर्कत नरोकेको बताए ।

विप्लव नेकपामाथि प्रतिबन्ध लगाएर सरकारले अहिलेकै संविधानले पनि धारा २७० को उलंघन गरेको समेत नेता गजुरेलले दावी गरे । उनले भने, “संविधानको उक्त धारामा राजनीतिक दललाई प्रतिबन्ध लगाउन नपाइने व्यवस्था गरेको छ । तर यो सरकार फासिवाद उन्मुख रहेको देखिन्छ, निरंकुशता लादिरहेको छ ।”

उनले प्रधानमन्त्री ओलीलाई हिटलरसँग दाज्दै भने, “हटलरले पनि कुनैबेला समाजवादी पार्टीको नारा दिएका थिए तर पछि फासिवाद ...बाँकी ७ पेजमा

## देजमो ५ नं. प्रदेशको सम्मेलन सम्पन्न
## केवी गुरुङको नेतृत्वमा ३९ सदस्यीय कमिटि निर्वाचित



नेपालगञ्ज।देशभक्तजनगणतान्त्रिक मोर्चा, नेपाल ५ नं. प्रदेशको सम्मेलन सम्पन्न भएको छ। सम्मेलनले मोर्चाका केन्द्रीय ...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीका शीर्ष नेतृत्वसँग दश विद्यार्थी संगठनको अन्तरक्रिया



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को पार्टी कार्यालय बुद्धनगरमा सोमबार दश विध्यार्थी संगठनका नेताहरूले पार्टी महासचिव मोहन वैद्य‘किरण’, पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलसँग भेटघाट तथा अन्तर्क्रिया गरेको छ । विध्यार्थी नेताहरूले राखेको जिज्ञासा तथा अनुरोधलाई सम्बोधन गर्दै महासचिव किरणले विध्यार्थी नेताहरू वर्तमान ओली सरकारको दुई तिहाइको तम्भ तोड्न सशक्त रूपमा अगाडि बढ्नु पर्ने विचार व्यक्त गरेका थिए । ...बाँकी ७ पेजमा

## देजमो ४ नं. प्रदेशको अध्यक्षमा केशबहादुर परियार, सम्मेलनद्वारा ४२ सदस्यीय कमिटि निर्वाचित



पोखरा । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको पोखरामा सम्पन्न प्रदेश नम्बर ४ को सम्मेलनले केश बहादुर परियारलाई प्रदेशको अध्यक्षमा निर्वाचित गरेको छ । सम्मेलनले नेता परियारको नेतृत्वमा ४२ सदस्यीय प्रदेश समिति निर्वाचित गरेको छ ।

निर्वाचित ...बाँकी ७ पेजमा

## नेपालमा बढ्दो चीनविरोधी अमेरिकी गतिविधि

काठमाडौं । रेल र पानी जहाज चीन-भारतको व्यापारिक स्वार्थसँग प्रत्यक्ष जोडिएको छ भने सुरुङ मार्गको अवधारणा चीनविरोधी अमेरिकी फौजी गतिविधिसँग ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल अब सुरुङ मार्गको युगमा प्रवेश गर्न लागेको खुलासा गरेका छन् । बुटवल-नारायणगढ सडक चार-लेन सडकमा विस्तार गर्ने कार्यक्रमको शुक्रवार बुटवलमा शिलान्यास गर्नेक्रममा उक्त कुरा बताएका हुन् । प्रम ओलीले २०८० सालबाट सुरूङमार्गको युग सुरु भइछाड्ने ठोकुवा पनि गरे ।

विदेशी शक्तिहरूको योजनालाई नेपालीको आफ्नै जस्तो योजना बनाएर प्रस्तुत गर्ने ओलीले यस पटक सुरुङ मार्गको युग सुरु भएको घोषणा नै गर्न पुगेका छन् । भारतीय तथा चिनियाँहरूको आफ्नो स्वार्थ र व्यापार विस्तारको चासोअनुसार उनीहरूले काठमाडौंमा ल्याउने रेलका कुरा गर्दा ओलीले आफूले नै चिनियाँ तथा भारतीय रेल ल्याउन लागेका फुस्रा गफ निकै चुटेका थिए ।

भारतीय सामान र व्यापारका लागि मालबाहक तथा यात्रुबाहक पानीजहाज नेपालका नदीनालामार्फत् महाभारतको तल्लो तथा मध्य भागसम्म भित्र्याउने भारतीय योजनालाई प्रम ओलीले आफ्नै पानी जहाज चलाउने योजना भनेर निकै ढाँटिरहेका थिए । आखिरमा केही पनि नलागेपछि टिकट काउण्टर उद्घाटन गरेको नाटक पनि देखाएका थिए । ...बाँकी ७ पेजमा

## इन्डो–प्यासिफिक अमेरिकी रणनीति र नेपाल

अमेरिकाले अहिले एशिया प्रशान्त रणनीतिबाट इन्डो-प्यासिफिक अर्थात् हिन्द प्रशान्त रणनीति सिफ्ट गरेको छ । यो क्षेत्रमा अमेरिका बढी केन्द्रित हुन थाल्यो । यो क्षेत्रमा उ केन्द्रित हुनुको कारण उसको निम्ति चीन आँखाको कसिंगर हो र इण्डियालाई पनि उसले पूर्ण रूपमा विश्वास गर्न सकेको छैन । नेपाल सानो देश भएपनि यसले अन्तर्राष्ट्रिय महत्व राख्दछ । नेपालका सन्दर्भमा अमेरिकी र इण्डियनहरू मिलेर आउने सम्भवाना त छँदैछ । तर पछिल्ला केही घटनाक्रमहरूलाई हेर्ने हो भने अब अमेरिका नेपालमा सिधै आउँदैछ । अमेरिकाले सिंधै आफ्नो भूमिका देखाउँदैछ ।

**अमेरिका गएर के गरेर आए । यो त चीनलाई घेरा हाल्ने हो । नेपाली सार्वभौमिकता तथा राष्ट्रिय स्वाधीनताका हिसाबले यो गम्भीर विषय हो । चीन र भारत कतिपय सवालमा मिलेर पनि गइरहेका छन् । अमेरिकाले चीन र भारतलाई फुटाउन खोजिरहेको छ**



● मोहन वैद्य‘किरण’ ●

इण्डियासँग उनीहरूले पारमाणिक सन्धि पनि गरे, इण्डियालाई अमेरिकाले आफ्नो पक्षमा तान्न खोज्यो तर इण्डिया अमेरिकाले चाहे अनुसार उसको ब्लकमा गएको छैन । ब्रिक्सले गर्दा यता रुस र चीन ब्लकमा पनि छ इण्डिया । इण्डियाले रुससँग हातहतियार किन्ने काम पनि गऱ्यो । यो अवस्थामा इण्डियालाई भर गर्नुभन्दा आफै नेपालमा आएर खेल्न खोजिरहेको छ अमेरिकाले । त्यसकारण अहिले इण्डियालाई बाइपास गरेर अमेरिका नेपालमा सिधै आइरहेको छ ।

नेपालका परराष्ट्रमन्त्री अमेरिका गए । नेपालसँग महत्वपूर्ण कुरा भएको भनेर अमेरिकाले भन्यो । त्यहाँ इण्डिो-प्यासिफिक मिसनमा नेपाललाई सहमत गराइएको भन्ने समाचारहरू आएका छन् । साँच्चै त्यहाँ नेपाल फसेको त छैन भन्ने गम्भीर आशंका छ । यता चीनले नेपालमा हेरिरहेको छ- अमेरिकी र इण्डियनहरूले के के गरिरहेका छन् भनेर । नेपालका नेताहरू इण्डिया गयो इण्डियासितै ठिक्क, चीन गए चीनमै ठिक्क, अमेरिका गए अमेरिकैतिर ठिक्क । चीनले हेरिरहेको छ- अमेरिका गएर के गरेर आए । यो त चीनलाई घेरा हाल्ने हो । नेपाली सार्वभौमिकता ...बाँकी ७ पेजमा

## सम्पादकीय

# फुजीमोरीको बाटोमा केपी ओली

सन् असीको दशकमा दक्षिण अमेरिकी देश पेरु निकै चर्चामा थियो । त्यहाँ शाइनिङ पाथ कम्युनिष्ट पार्टीका संस्थापक तथा नेता अबिमायल गुजमन 'गोञ्जालो' को नेतृत्वमा सशस्त्र छापामार संघर्ष चलिरहेको थियो । त्यसलाई दबाउन तत्कालीन अमेरिकी पिट्ठु तथा पेरुको राष्ट्रपति अल्बर्टो फुजीमोरी थियो । उसले अमेरिकाको नांगो र ठाडो निर्देशनमा पेरुभियन क्रान्तिकारी नागरिकहरूको कत्लेआम गरिरहेको थियो । बाहिर ल्याइएको आँकडा अनुसार करीब ७० हजार नागरिकको फुजीमोरीले कत्ल गरेको थियो । तर उसले जति धेरै मानिसहरू मार्थ्यो, उति अमेरिकीहरूले स्यावासी दिने गरिरहेका थिए । ऊ निकै मक्ख थियो र रक्त पिपासु पनि । उसले जनताको हत्याका साथै शाइनिङ पाथका नेता गेञ्जालोलाई पनि गिरफ्तार गर्न अमेरिकी सेनालाई सहयोग पुर्‍यायो । गोञ्जालो गिरफ्तार गरिए र जेलमा हालिए । फुजीमोरी यति गरिसकेपछि अमेरिकी प्रशंसा र विश्व शान्ति पुरस्कारको आशाका केही दिन कुर्न थाल्यो ।

समयक्रम अमेरिकी शासकहरूको हातको खेलमा नाच्दै थियो । फुजीमोरीको अमेरिकी तावेदारीमा अझैं बढोत्तरी आइरहेको थियो । ऊ जनहत्याका कामहरू सजिलै पचाउने र सर्वसाधरणलाई झाडी फाँडे झैं फडानी गर्ने अभियानमा निरन्तर लागिरहेको थियो । तर पुरस्कारको याचनासहित फिँजाइएका उसका हातहरूमा उल्टै हतकडी लागे र लगाइए । फुजीमोरी गोञ्जालोलाई पठाएको कठघरामा पुग्यो । उसलाई नरसंहारको आरोप लाग्यो । अमेरिकी मिसन पनि सकियो । अमेरिकालाई अर्को नयाँ दलाल चाहियो । फुजीमोरी गन्हायो । नेपालमा हाल फुजीमोरीको पदचिन्हमा ओली निकै घुमिरहेका छन् । उनी आफूभन्दा अरु कोहीलाई पनि देखेका छैनन् । उनले सोचेका छन् सारा देश उनको ओठे जवाफ र उखान टुक्काले चलेको छ । देश, जनता र राष्ट्रिय स्वाभिमानका लागि केही पनि गर्नु पर्दैन । मात्र उनले गर्नुपर्ने काम एउटै छ, त्यो हो, अमेरिकी निर्देशनको अक्षरशः पालना । उनी यसैमा मस्त छन्, यसैमा व्यस्त छन् । देश रेलले उडाइरहेको छ, पानी जहाजले डुलाइरहेको छ र सुरुङले भुलाइरहेको छ । बस् यत्ति हो, उडायो रेलैले ...।

विदेशीहरूको गोटी बन्नु बलीको बोका बन्नु हो । आज विदेशीले गरेको माया, खुवाएको घाँस र पोसाएको दाना मुनाफाका लागि हो । ओली सकारको शारीरिक तौल बढाउनका लागि हो, ताकि उसलाई बेच्दा केही बढी मूल्य गरी अलि मोटो रकम हात लागोस् । ओली यसै प्रक्रियामा छन् । केपी ओलीको सरकार अहिले दुईतिहाइको मातले निकै एकोहोरिएको छ । उसका लागि अरु कसैको सहयोग र सल्लाह जरुरी छैन अहिले । बरु उसका अविवेकी निर्णय र आदेशहरू शीरोधार्य गरिदिए पुग्छ । ओलीको पार्टी वा तत्कालीन वाम नामको गठबन्धनलाई जनताले पाँच वर्षका लागि शासक बनेर शासन गर्न पठाएका हुन् । त्यसैले दुईतिहाइका बलमा यसले जे गरे पनि हुन्छ । उसले देश र जनताका विरुद्धमा संहिता ऐनहरू निर्माण गरेको छ । तिनी डरलाग्दा संहिताऐनहरूको समीक्षा उसलाई जरुरी छैन । हाल प्रतिपक्षमा रहेको कांग्रेसले समेत विरोध गर्ने गरेका ती संहिताहरू देश र जनताका लागि त कति अहितकारी होलान् ? यसबारेमा ओलीको सरकार यही भन्छ- कांग्रेसले विरोध गर्नु भनेको राम्रो भएर त हो किनकि उसले ओली सरकारले नराम्रो गरोस् भन्ने चाहन्छ । यसअतिरिक्त कम्युनिष्टहरूलाई दमन गर्न उनले प्रतिबन्ध लगाएर फौज परिचालन गरिरहेका छन् । उनी अमेरिकी आशीर्वाद थाप्दै यसो गरिरहेका छन् । अमेरिकाको आँखामा ओली पनि उनै आतंकवादी हुन्, जो पेरुको अमेरिकी पिट्ठू फुजीमोरी भन्दा नामधारी कम्युनिष्ट हुनुको नाताले निकै डरलाग्दो समेत छ ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।
४. लेख वा समाचार पठाएपछि ९८६०५०३९८३/९८५११३४८३० वा ०१-४७८५७६३ मा फोन गरी जानकारी गराउन हुन अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# सम्झनामा ऋषि रेग्मी राकेश



लालबहादुर तामाङ

*कमरेड चे ग्वेभारा जीवनीबाट प्रभावित उहाँको जीवन पनि कुनै पनि मानेका चेकोभन्दा कम थिएन । मध्यम वर्गमा जन्म भए पनि बुवा शिक्षक हुनुको कारणले व्यक्तिगत जीवनमा कुनै कमी थिएन । भरतपुरको अत्यान्तै सुगम स्थानको जीवन व्यवस्थालाई छोडेर सर्वहारा वर्गको लागि रोल्पा रूकुमसम्म पुगेर बन्दुक उठाउन पुग्नु सामान्य त्याग र सर्मपण कदापि हुँदै होइन*

वर्ग संघर्ष र वैचारिक संघर्ष तुफानी प्रवाह महान् जनयुद्ध नेपाली राजनीति मात्र नभई विश्व राजनीतिलाई कोल्टे फेर्न विवश पार्ने एउटा युगान्तकारी आन्दोलन थियो । यो यथार्थमा मार्क्सवाद-लेनिनवाद-माओवाद दर्शनको नेपाली माटोमा नयाँ तथा मौलिकताको प्रयोग थियो । यो दर्शन र पथप्रदर्शनका हिसावले जीवन पद्धति नै बनेको थियो । आज आएर समीक्षा गर्दा विभिन्न कोणहरूबाट यसलाई नियाल्ने प्रयास किन नगरियोस् ? यसले स्थापित गरेका मूल्यमान्यताहरू आज पनि उत्तिकै सन्दर्भिक र अत्यावश्यक छन् ।

जनयुद्धका मूलभूत उद्देश्य र लक्ष्यबाट आन्दोलनको मूल नेतृत्व बिचलित भए तापनि आन्दोलनको प्रवाह रोकिएको छैन । नवीन पहलुसँगै निखारिदै र तिखारिदै पाखा, पर्वत र पहराहरूमा हुर्कंदै गइरहेको छ । यो एक सुखद पक्ष हो । जनयुद्ध महान् हुनुका पछाडि मूलतः वीर सपुतहरूको बलिदानीले काम गरेको छ । यसैका कारण संभव भएको पनि हो । तर पनि आज ती वीरहरूको स्मरण शब्दमा र त्यो पनि औपचारिकतामा मात्र सिमित हुँदै गइरहेको छ ।

उनीहरूको योगदानको कुनै मूल्यांकन भइरहेको छैन । सहिदका सपनाहरू बेवारिसे भएका छन्, जसका कारण सहिद परिवार, बेपत्ता, घाइतेका योद्धाहरू डिप्रेसनको सिकार भएका छन् । मात्र जीवनयापनका लागि खाडी देशहरूमा भौतारिरहेका छन् । उनीहरूले इतिहासप्रति गर्व गर्न सकिरहेका छैनन् । जबसम्म इतिहासका ती रक्तबीजहरूको योगदानको उचित मूल्य हुँदैन, तबसम्म समाजमा न शान्ति संभव छ, न त समृद्धि नै । नयाँ आन्दोलन पनि ती महान् वीरहरूको रगतको मूल्यबोधमा मात्र सम्भव छ । महान् सहिदको सम्मानले मात्र सम्भव छ । तिनै महान् जनयुद्धका एक वीर योद्धा ऋषि रेग्मी क. राकेशको सम्मान र संझनामा दुई हरफ कोर्ने प्रयत्न गरिएको छ ।

ऋषि रेग्मीसँगको मेरो पहिलो भेट २०५८ साल फागुनतिर सप्तगण्डकी बहुमुखी क्याम्पसमा भएको थियो । त्यतिखेर सामान्य चिनजान मात्र भयो । २०६० सालमा भएको २२औं जिल्ला सम्मेलनका उहाँ जिल्ला सदस्य भएपछि हामीसँग सँगै काम गर्ने अवसर प्राप्त भयो । त्यति बेला म पनि सहिद स्मृति कलेजको अध्यक्ष भएकाले हामी कलेजको राजनीतिका बढी व्यस्त हुनु परेको थियो । अहिलेको जस्तो यातायात र सञ्चारको अवस्था नभएकोले त्यति खासै हेलमेल हुन पाएन ।

तर जब सरकार र माओवादी बीचको शान्ति वार्ता भंग भयो, उहाँहरू स्वयम् (भरतपुर कोर सिटी) क्षेत्र छोडेर आधार इलाका पूर्वी चितवन आउनु भयो, तबमात्र हामीले धेरै पटक छलफल सहकार्य गर्ने अवसर प्राप्त हुँदै गयो । मित्रताका नयाँ जराहरू झाँगिदै गए । हाम्रो जिम्मेवारी विद्यार्थी कमिटीमा थियो । तर युद्धको भीषणताले गर्दा हामी विद्यार्थी मोर्चाभन्दा बढी पार्टी जनमुक्ति सेनाको व्यवस्थानका लाग्नु पर्दथ्यो । त्यसका लागि लजिष्टिक सामानको व्यवस्थापन सहरबजारबाट गर्नु पर्ने जिम्मा क. ऋषिको काँधमाथि आइपर्दथ्यो । साहै जटिल एवम् चुनौतिपूर्ण जिम्मेवारी थियो । तर पनि त्यो काम गर्न उहाँ कहिले पनि पछाडी हट्नु भएन । जहिले पनि चुनौती मोल्न तयार हुने स्वभाव उहाँको थियो ।

मेरो अन्तरमुखी स्वभाव थियो भने मेरोभन्दा ठीकविपरीत स्वभाव थियो उहाँको । मलाई त्यतिबेला भात मागेर खाने भनेपछि निकै अप्ठेरो लाग्दथ्यो, तर उहाँमा भने जनताका भिज्न सक्ने जनशैली, अन्तरघुलन हुन सक्ने पक्ष निकै लोभलाग्दो थियो । जिम्मेवारीको हिसावले त्यतिबेला म विद्यार्थी मोर्चाको जिल्ला कमिटी कोषाध्यक्ष थिए भने उहाँ जिल्ला कमिटीको सचिवालय सदस्य । तर पनि उहाँको प्रस्तुति, निडरपना, स्पष्ट वक्ता देखेर म आफू कार्यकर्ता नै ठान्ने गर्दथे । आफूमा केही कमीको आभास हुने गर्दथ्यो । नेपालीको शैक्षिक विसंगति, निजीकरण र व्यापारीकारण विरुद्धको संघर्ष, वैज्ञानिक र पूर्ण जनमुखी शिक्षा प्राप्तिको आन्दोलनमा ऋषि रेग्मीले गर्न भएको योगदान पनि विशेष स्मरणीय छ ।

गण्डकी अञ्चलको गोर्खा जिल्ला केरावारी गा.वि.स. वडा नं. ४ मा वि.स. २०४१ साल पौष १४ गते ऋषि रेग्मी जन्मनु भएका थियो । उहाँ मध्यम वर्गको परिवारमा जन्म भएको थियो । उहाँको पिता जगदिश्वर रेग्मी र माता कमला रेग्मी हुनुहुन्छ । उहाँको परिवार पश्चिम चितवनको फुलबारी गा.वि.स.बसाई सरी आउनु भयो र उहाँको प्रथामिकदेखि निम्न माध्यामिक तहसम्मको शिक्षा श्रीपुर मा.वि.मा फूलवारी भयो । माध्यमिक तहको शिक्षा भने भरतपुरको नारायणी मा.वि.बाट पूरा गर्न भयो ।

बुवा शिक्षक हुनुको नाताले शिक्षित परिवार र त्यसमाथि बुवा वामपन्थी विचारबाट प्रभावित हुनु हुन्थ्यो त्यसको प्रभाव सानैबाट उहाँ पनि परेको थियो । श्रीपुर मा.वि.को अध्ययन सँगसँगै खेलेका क्रान्तिकारी नाटक र तत्कालिन सरकारको विरुद्ध निकालीएको राँके जुलुश र जनप्रदर्शनले उहाँमा क्रान्तिकारी विचारको निर्माण र महत्वपूर्ण भूमिका खेल्यो । नारायणी मा.वि.मा अध्ययनको क्रममा पनि विभिन्न विद्यार्थी आन्दोलनको र वाम विद्यार्थीहरूको एकताले उहाँलाई विद्यार्थी आन्दोलनमा लाग्न प्रेरित गरेको थियो । उच्च शिक्षा अध्ययनको सिलसिलामा सप्तगण्डकी कलेजको प्रवेशले झनै राजनीतिक जीवनमा गति प्रदान गऱ्यो । यसै बीचमा वि.स. २०६० सालमा उहाँले संगठनमा पूर्णकालिन घोषणा गर्नुभयो ।

पूर्णकालिन घोषणा सँगसँगै शाही जल्लादहरूको प्रतिरोध र जनतालाई एकाकार गर्दै अघि बढने एकिकृत जनप्रतिरोध अभियान २०६० लामवद्ध हुदै भोको पेट, पैदल यात्रा तय गर्दै रोल्पा, रुकुम, पाल्पा, स्याङ्जा, प्युठान, नवरपरासी, गोर्खा र चितवनका वस्तीहरूमा जनतासँग रातो झण्डाको साइनो गाँस्दै नेपाली सर्वहारा मुक्तिको संकल्प गर्दै अघि बढ्दै जानु भयो ।

कमरेड चे ग्वेभारा जीवनीबाट प्रभावित उहाँको जीवन पनि कुनै पनि मानेका चेकोभन्दा कम थिएन । मध्यम वर्गमा जन्म भए पनि बुवा शिक्षक हुनुको कारणले व्यक्तिगत जीवनमा कुनै कमी थिएन । भरतपुरको अत्यान्तै सुगम स्थानको जीवन व्यवस्थालाई छोडेर सर्वहारा वर्गको लागि रोल्पा रुकुमसम्म पुगेर बन्दुक उठाउन पुग्नु सामान्य त्याग र सर्मपण कदापि हुँदै होइन । जीवनको अन्तिम क्षण २०६१ बैशाख ३१ गते पनि दुश्मन (शाही सेनाले ) चारैतिर घेराहालेर आत्मसर्पण गर्न आदेश दिदाँ पनि त्यसको प्रतिरोध सकेट ग्रिनेटबाट गर्नु भयो, घेरा तोड्नु भयो, घेरा तोडेर अगाडि बढ्ने क्रममा शाहिसेना सँग हतियार खोसाखोस भयो हतियार पनि खोस्नु भयो ।

तर भर्खरै मात्र आएको एम १६ राइफलको को प्रविधिक ज्ञान नएर फायर ...बाँकी ७ पेजमा

झर्रोटर्रो kailubraha73@gmail.com — कैलुब्राह

# प्रतिबन्ध

मिस्टर उखानप्रसादको सरखारले रोल्पाली बाबुसावको कम्निस पाटीलाई प्रतिबन्ध लायो । राजा महेन्द्रले उहिल्यै प्रेतकालमा काङ्ग्रेस-कम्निसबाट डराएर थुरथुर भएर उनीहरूलाई प्रतिबन्ध ला'का थे' । ऐले उखानप्रसादले पनि तिनै राजाको बिँडो थामेर प्रतिबन्ध लाए । राजा महेन्द्रले सेना, पुलिस, नोकरचाकर (कर्मचारी) सबै आफ्नो हातमा लिँदा पनि डरले थुरथुर थे । ऐले उखानप्रसाद दुईत्याईको सर्बशक्तिमान सरखार हुँदा पनि डरले थुरथुर छन् । यो सरखार भन्ने जिनिस कति लरतरो, कमजोर, पानीआन्द्रे, हुतिहारा, कायर, डरछेरुवा, काँतर, पानीमरुवा, डरपोक हुँदोरहेछ हँ ? आफू राज्यका सबै थोकले सुसज्जित हुँदा पनि लुगलुग काँप्ने हुँदोरहेछ । केटाटीले भाँडाकुटी खेल्दा बालुवाको घर बनाए जस्तो गल्र्याम्म ढल्ने रहेछ कि क्याहो ? सायद आफूजस्तै नाउँ राखेको आर्को कम्निस पाटीबाट थुरथुर भयो होला । डराएको बेला आफ्नै छायाँले पनि तर्साउँछ भन्थे बूढापाकाले, हो रहेछ । 'आफ्नै छायाँले पनि साथ दिन्न भन्चन अँधेरीमा' भन्ने गीतजस्तै भएको छ, यो उखाने सरखारलाई । पन्चप्रेतको शासनकाललाई कालो, अँध्यारो शासनकाल भन्थे बहुदलवादीहर्ले । ऐलेको गणतन्त्रे शासनकाललाई पनि आर्को गणतन्त्रवादीहर्ले कालो र अँध्यारो शासनकाल भनेका छन् । खासमा यो गणतन्त्रे शासन नभएर गनतन्त्रे शासन हो क्यारे । त्यै भएर आफ्नो खाइपाई आएको सुखसुविधमा कसैले राजनीतिक दागा धऱ्यो भने बन्दुक सोझ्याइहाल्च । तरबार उध्याइहाल्च ।

दुईत्याईको दम्भ, घमण्ड पनि रोल्पाली बाबुसावले चुरचुर बनाइदिए । त्यसैले आफ्नै छायाँदेखि डराएर हायल कायल हुँदै उसलाई हिँडडुल गर्न, गाउँघरमा घुमफिर गर्न, राजनीति साजनीति गर्न रोक्यो । कहीँ कतै चलखेल गर्न खोज्यो कि ठाउँका ठाउँ झ्याप पार्ने र झ्यालखानामा लगेर ठिँगुऱ्याउने भनेको छ । भाग्न खोजेमा घुँडादेखि तल ड्यम्म गोली ठोक्न सरखारी बन्दूकधारीहर्लाई आदेश गरेको छ । यो बन्दुक भन्ने जिनिस पनि बडा अजिवको हुन्छ । घुँडादेखि तल ताकेर हान्यो जम्मै छातिभन्दा माथि र कन्चटमा मात्रै गोली लाग्च । गरिबगुरुवा, भोकानाङ्गा, दीनदुःखीहरूको कन्चट ताकि ताकि पड्किन्छ । तस्कर, डन, हत्यारा, लुटेरा, ठग, चोर, देशघाती, जनघाती, बलात्कारी, दलाल, माफियाखोरहर्लाई कार्गेट अघिपछि लाएर सुरक्षा दिन्च । पार्श्ववर्ती बसेर तिनका अङ्गप्रत्याङ्गको सुरक्षा दिन्च । यो सरखारी बन्दुकको करामत हो ।

रोल्पाली बाबुसावले त बन्दुक बोकेका पनि थे'नन्, चलाका पनि थे'नन् । उनले त सरखारी बन्दुकसित लड्दैनौ पनि भनेका थे' । जनयुद्ध पनि लड्दैनौ, जनबिद्रोह पनि गर्दैनौ भनेर त आफ्नो सिद्धान्तै बना'का छन् । एकीकृत क्रान्ति गर्ने अरे । एकीकृत क्रान्ति भनेको त सेना, पुलिसहर्का हाकिम, कर्मचारी नोकरचाकरहरू, उद्योगपति, ब्यापारी, वुद्धिजीवी, ठेकेदार, मध्यम किसान आदि इत्यादी सबै सबैलाई एकै ठाम डल्लो पारेर दलाल व्यवस्थाका नाइके दलालहर्लाई ठोक्ने क्रान्ति पो हो त बाबै । बन्दुकै नचलाउने शक्तिसित यो सरखार किन यति विधि डराएर थुरथुर भा'होला कुन्नी । यो सरखारका विरुद्ध दागा धरेका पनि थे'नन् । यसो वार्तासार्ताका लागि पत्र पठाएर बाबुसावको मानमनितो राखिदिएको भए त वार्ताबाटै समस्याको गाँठी कुरो फुकिहाल्थ्यो त । हातहतियार गोलीगट्ठा बोकेर सोझासिधा गाउँलेहर्लाई तर्साउन किन पऱ्या होला ? जबर्जस्ती बाबुसावलाई बन्दुक बोक्न वाध्य पार्न किन पऱ्या होला ? कस्तो पटमूर्ख, अटेरी, ढौंगी, घमण्डी सरखार हो यो कुन्नी ।

प्रतिबन्धै लाउनु पर्ने गरी सरखारको दागा धरेका त थिएनन् बाबुसावले । यति बिघ्न डरले छेर्नु पर्ने त थिएन सरखार । सरखारले खुरुखुरु जनताको काम गरेर जनतालाई खुसी पारे त सरखार त्यसै बलियो भैहाल्थ्यो । सरखार बलियो भए त यसरी डरले हल्लिनु पर्ने नै थे'न । दुईत्याईको दम्भ पनि चकनाचुर भएछ बरा । कस्तो दुईत्याई हो यो नरकट जस्तो, पिपलपाते हावाल पनि हल्लाइदिने । बाबुसावले साँच्चैको आँधीहुरी ल्याउने हो भने त यो सरखार पाताल धसिने पक्का छ ।

अहिले त बाबुसावको पाटीले एनशेल नाउँको कमपनीलाई यसो तर्साउने काम मात्रै गऱ्या थ्यो' । कसै कसैले त पैसा माग्न तर्सा'का हुन् पनि भन्थे । तर उनले देश लुटेको हुनाले ठोकेका हौँ भने । सरखारको सरखारी हात्ती अदालतले पनि एनशेललाई सरखारलाई ठगेको पैसा तुरुन्त तिर भनेर आदेश गऱ्या थ्यो' क्यारे । अदालतलाई पनि टेरेन । अदालतको समेत मान हानी गर्ने यस्तो देशलुटेरा कम्पनीलाई अलिअलि ठोक पार्ने काम त ठिकै त हो । सरखारले त बाबुसावको कम्निसलाई स्यावास भनेर धाप मार्नु पर्ने हो । तर, गोली ठोक भनेर झ्याप पारेर कोच्यो ।

उखानप्रसादले त हिज पनि माउवादीलाई आतङ्ककारी भनेर तिनका नेताको टाउकाको मोल तोकेर सरखारी बन्दूकले टाउको उडाउन पर्च भनेर भनेकै हुन् । आज त झन् आफैले मोल तोकेको बडेमानको टाउको अरू धेरै टाउकाहरूको डल्लो पारेर आफ्नै टाङ मुनि घुम्रिन आएको छ । उखानप्रसाद आफै सरखारी घोडामा चढेका छन् । पाटी र सरखारका सुप्रिमो बनेर जनयुद्धका सुप्रिमो भन्दा जब्बर बलिया बनेका छन् । हिटलरै बन्ने कसम खाएर कस्सिएका छन् । हिटलर बन्ने सपना बोकेका पर्धानमन्तरी त्यति सानो कम्निस पाटी त्यो पनि निशस्त्र शक्तिसित किन डराको होला । दमन गर्दा झन् उफ्रिन्छ भन्ने सुद्धि वुद्धि पनि किन नआ'को होल । सरखारमा बस्नेको सुद्धि वुद्धि हराउने, आँखै नदेख्ने, कानै नसुन्ने, काँतर र डरपोक हुन्चन् भन्थे हो रहेच । *१० चैत २०७५*

# कार्ल मार्क्सको ‘पुँजी’ बाट प्राप्त शिक्षा र अनुभव



प्रा. वैंकटेश आत्रेय

‘पुँजी’को अध्ययनले मेरो जीवन पूर्णरूपले परिवर्तित भयो । यसले मेरो जीवनलाई कसरी परिवर्तन गऱ्यो भन्ने तत्थ्यलाई मेरो व्यक्तिगत टिपोटको आधारमा उल्लेख गर्दैछु ।

मैले भारतको एक प्रतिष्ठित संस्थाबाट सन् १९६९ मा रसायन अभियन्त्रीकरण (केमिकल इञ्जिनियरिङ) मा डिप्लोमा उत्तीर्ण गरेँ र अमेरिकन विश्वविद्यालयमा अर्थशास्त्रको विद्यावारिधिका लागि छनौट भएँ । म भर्ना भएको विश्वविद्यालयमा भियतनाममा अमेरिकी हस्तक्षेपको विरुद्धमा शक्तिशाली विद्यार्थी आन्दोलनको सुरुआत भएको थियो । तर मेरो विद्यावारिधिको पाठ्यक्रममा किन यति शक्तिशाली राष्ट्रले भियतनाम जस्तो तेस्रो विश्वको सानो राष्ट्रमाथि आक्रमण गरिरहेको छ भन्ने प्रश्नको जवाफ दिने विषयवस्तु थिएन ।

यसै समयमा म कार्ल मार्क्सको “पुँजी” अध्ययन समूहमा संलग्न हुन पुगेँ । मार्क्सद्वारा सन् १८५० र १८६० को समयमा लेखिएको अर्थशास्त्रको यो जटिल पुस्तकलाई कतिपयले अप्रचलित र असान्दर्भिक समेत मान्दछन् । तर मलाई के लाग्यो भने यस समयका मुख्य अर्थशास्त्रका पुस्तकहरूले वास्तविक संसारको व्याख्या गर्न सकेका छैनन् । त्यसैले म “पुँजी” अध्ययन समूहमा संलग्न भएँ, जसले मेरो समग्र जीवनलाई नै परिवर्तन गरिदियो ।

मैले विभिन्न सामाजिक विज्ञानका विषयहरूलाई आधार मानी विद्यावारिधि गरिरहेका विश्वविद्यालयका १० जना विधार्थीहरूको समूहमा समावेश भई अंग्रेजी भाषामा “पुँजी”को अध्ययन गरेँ ।

सर्वप्रथम मलाई के लाग्यो भने यो पुस्तकलाई निकै सावधानीपूर्वक अध्ययन गर्नुपर्दछ र जसका वाक्यको महत्वपूर्ण अर्थ रहेको छ । क्रमशः मैले के पाएँ भने मार्क्सको यो पुस्तक निकै विष्लेषणात्मक रहेको छ जसको अध्ययनबाट मैले मनोरञ्जन लिन थालेँ । मैले विश्वविद्यालयको सेमेष्टरसँगै यसलाई निकैपटक दोहोऱ्याएर अध्ययन गरेँ, जसमा मैले केही नयाँ धारणा प्राप्त गर्न थालेँ ।

“पुँजी”को अनुवादमा समेत कवितात्मकता रहेको छ । मार्क्सको विज्ञतामा यति व्यापकता छ कि “पुँजी” मा राजनीतिक अर्थशास्त्र, द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद र सेक्सपियर वा गोथेका भनाइहरू समेत समाविष्ट छन् ।

मार्क्सको लेख्ने कलामा केही मनोरञ्जनात्मकता र बुर्जुवा अर्थशास्त्रीहरू र पुँजीवादी प्रणालीप्रति कटाक्ष रहेको छ । इञ्जिनियरिङमा स्नातक र गणितीय अर्थशास्त्रमा तालिमप्राप्त मैले “पुँजी”बाट के सिक्न सक्दथे ? सर्वप्रथम मैले के बुझेँ भने समाज र यसको गतिशीलता बुझ्नका लागि ऐतिहासिक दृष्टिकोण आवश्यक पर्छ । दोस्रो, समाजको गतिशीलता उत्पादनका साधनमाथिको स्वामित्व, उत्पादक शक्ति र उत्पादनका साधनबीचको सम्बन्धले निर्धारित गर्दछ । तेस्रो, पुँजीवादी उत्पादन पद्धति निम्न तीन कुरामा आधारित रहेको छ :

१. उत्पादक शक्तिहरूलाई उत्पादनका साधनबाट अलग्याउनु र तिनीहरूलाई ज्यालादारी मजदुरमा रूपान्तरित गराउँदै एक ध्रुवमा पुऱ्याउनु ।

२. उत्पादनका साधनहरूलाई निजी स्वामित्व वा एकाधिकारमा रूपान्तरित गर्दै अर्को ध्रुवमा पुऱ्याउनु ।

३. उत्पादनको सम्पूर्ण नाफा र बजारवाट प्राप्त मुनाफा व्यक्तिगत खातामा जानु ।

मार्क्सले यी सम्पूर्ण नाफामुखी प्रणालीहरूको विस्तारको बारेमा व्याख्या गर्नु भएको छ । “पुँजी”को पहिलो भागमा उपनिवेशवादको आधुनिक सिद्धान्त र पुँजीवादको विश्वव्यापी चरित्रको बारेमा ब्याख्या गरिएको छ । यसलाई मार्क्सले पुँजीवादी उत्पादन पद्धतिको नाफामुखी चरित्र र नाफाको औपनिवेशिक बिस्तारसँग जोडेर ब्याख्या गर्नुभएको छ । पछि लेनिनले यसलाई साम्राज्यवादी प्रणालीको रूपमा व्याख्या गर्नु भयो ।

मार्क्सले “पुँजी”मा पुँजीवादी आर्थिक प्रणालीको विरोधाभासी चरित्रको बारेमा उल्लेख गर्नुभएको छ । पुँजीपति बीचको द्वन्द्व तथा पुँजीपति र कामदार वर्ग बीचको द्वन्द्वले समाजमा उत्पादक शक्तिहरूमा द्रुततर बृद्धि भइरहेको छ, एकातिर भने अर्कोतिर अत्यधिक उत्पादन, उपभोक्ताको क्रय क्षमतामा ह्रास, अत्यधिक नाफा र बेरोजगारीमा बृद्धि भइरहेको छ । यो विरोधाभासले पुँजीवादी समाजको बढ्दो उत्पादन क्षमता र उपभोग क्षमताको घट्दो ह्रास देखाउँछ । यसले मागमा संकट र बेरोजगारीको दरमा बृद्धि गराइरहेको छ ।





यसले पुँजीवादको बेथिति र अराजकता देखाउँछ जसको फलस्वरूप सम्पूर्ण आर्थिक क्षेत्रमा संकट उत्पन्न भइरहेको छ । त्यसैगरी प्रविधिको बढ्दो विकासले उत्पादन दरमा बृद्धि भइरहेको छ । जसले बेरोजगारीमा बृद्धि र नाफामा घटबढ गराइरहेको छ । यी सम्पूर्ण ऐतिहासिक कारक तत्त्वहरूले पुँजीवादी प्रणालीमा उतारचढाब ल्याइरहेको छ र बेरोजगारीमार्फत कामदार वर्गको जीवनमा निकै नकारात्मक प्रभाव पारिरहेको छ ।

यी सबैको बावजुद पुँजीपति वर्ग र पुँजीवादी राष्ट्रको बिचमा विश्वस्तरमा द्वन्द्व झाँगियो, दुईवटा विश्वयुद्धमा लाखौँ मानिस मारिए र ठूला कर्पोरेसनहरूले अत्यधिक नाफा हात पारे । हालसम्म पनि विश्व पुँजीवादमा संकट कायम छ, अर्थतन्त्रमा गिरावट र बेरोजगारीको दर उच्च नै रहेको छ । अहिलेको विश्व पुँजीवादमा रहेको संकट र जलवायु परिवर्तनको विश्वव्यापी संकटमा पनि पुँजीवादी प्रणालीको मुख्य हात रहेको छ ।

मार्क्सको “पुँजी”ले पुँजीवादी उत्पादन स्वरूपको ऐतिहासिक विघटन र १९औं शताब्दीमा भएका पुँजीवाद जीवन्त राख्ने प्रकृयाको विश्लेषण गर्दछ । बीसौं शताब्दीको अनुभवले के देखाउँछ भने विश्वका औद्योगिक राष्ट्र र उपनिवेशमा रहेका राष्ट्रका जनताले पुँजीवादको विरुद्धमा विद्रोह गरिरहेका छन् । विज्ञान र प्रविधिमा आएको परिवर्तन, खाने, बस्ने स्थान, लुगाफाटो, शिक्षा र स्वास्थ्य लगायतका आधारभूत आवश्यकताको परिपूर्तीका बावजुद २१औं शताब्दीमा पनि पुँजीवादी प्रणालीमा संकट नै रहेको छ । मार्क्सको “पुँजी”मा गरिएको पुँजीवादी प्रणालीको वैज्ञानिक व्याख्याले आधुनिक समाजमा रहेको धनी र गरीब बीचको असमानता बुझ्न झन् सघाउ पुऱ्याइरहेको छ ।

**के “पुँजी” पढ्नु निकै चुनौतीपूर्ण हो ?**

“पुँजी”को अध्ययनमा कुनै नियमितता नभई जुनसुकै एकाइलाई जतिखेर जसरी पढे पनि हुन्छ । पाठकहरू जसले ऐतिहासिक दृष्टिकोणको आधारमा विश्लेषण गर्दछन्, उनीहरूले “पुँजी”को प्रथम भागको अन्तिम एकाइ पुँजीको आदिम वा प्राथमिक संकलन वा सञ्चय पढ्दा उपयुक्त हुन्छ । यस एकाइको ६० पेजले बेलायतमा सत्रौँ शताब्दीदेखि उन्नाइसौँ शताब्दीसम्म कसरी पुँजीवादी उत्पादन प्रद्धतिको ऐतिहासिक विकास भयो भन्ने प्रक्रियाको राम्रो ढंगले विश्लेषण गर्दछ ।

अब मैले “पुँजी”बाट के सिकेँ भन्ने तथ्यलाई उल्लेख गर्दैछु । मेरो बुझाइमा राजनीतिक कार्यकर्ता र बौद्धिक वर्गले समेत भनिरहेको “पुँजी” निकै कठिन छ भन्ने भनाइमा कुनै सत्यता छैन । तर के चाहिँ सत्य हो भने “पुँजी”को पढाइमा एकस्तरको लगाव, अध्ययनमा निरन्तरता र तार्किकता हुन जरुरी छ । त्यसैले “पुँजी”को अध्ययन अत्यन्तै फाइदाजनक र असामान्यरूपले ज्ञान आर्जन उन्मुख छ ।

“पुँजी”मा मार्क्सले “पुँजी”वादी उत्पादनको पद्धतिको विश्लेषण, यसको आन्तरिक गतिशीलता र विरोधाभाषको उल्लेख गर्दै पुँजीवादको गतिशीलताको नियमलाई संक्षेपीकरण गर्नुभएको छ । यस्तो विश्लेषण ऐतिहासिक भौतिकवादी धारणाको आधारमा हुनुपर्छ, जसले उत्पादनको स्वरूपको विश्लेषणमा समेत सघाउ पुऱ्याउँछ । यसका लागि एकस्तरको भावनात्मकता अनिवार्य हुन्छ । मार्क्सकै शब्दमा “आर्थिक स्वरूपको विश्लेषणमा, न सुक्ष्मदर्शक यन्त्र न रासायनिक अभिकर्ताको नै प्रयोग गर्न सकिन्छ । भावनात्मक क्षमताले मात्र यसलाई विस्थापित गर्न सक्दछ । ”

मार्क्सले आफ्नो लेखनमा सम्पूर्ण विज्ञानको प्रयोग गर्नुभएको छ । मार्क्सको पुँजीको प्रथम भागका तिनएकाइहरू वस्तु र मूल्यको धारणामा आधारित छन् । मार्क्सको कामदार वर्गको आन्दोलनको जुझारूपनको बारेमा “पुँजी”को भाग एकको एकाइ ३, ४ र ५ मा उल्लेख गरिएको छ । जसमा सापेक्ष र निरपेक्ष अतिरिक्त मूल्यको विश्लेषण गरिएको छ । त्यस्तै पुँजीको १० औ एकाइमा ‘कार्य दिवस’को बारेमा लेखिएको छ जसले तेस्रो विश्व खास गरी भारतको उपयोग र अन्य क्षेत्रमा रहेको काम गर्ने समयको बारेमा रहेको विविधताको व्याख्या गरिएको छ । यो एकाइले इतिहास खासगरी वैधानिक इतिहासको उल्लेख गर्दै वर्ग, अतिरिक्त मूल्यको पुँजी र शोषण विरुद्धको कामदार वर्गको प्रतिरोध आन्दोलनको उल्लेख गरेको छ ।

मार्क्सको शब्दमा ‘काम गर्ने दिनको बारेमा पुँजीपति र मजदुरको बीचमा लामो समयदेखि द्वन्द्व चलिरहेको छ, जसले दुई विपरीत वर्गको प्रवृतिलाई देखाउँछ’ ।’ मार्क्सले मजदुरलाई आफ्नो श्रमको मालिक भएको उल्लेख गर्दै यसलाई उसले आफू खशी बेच्न पाउनुपर्ने तर्क राख्नुभएको छ । त्यसैले कामको घण्टा तोकिनु वास्तममै म्याग्नाकार्टा नै हो भन्ने धारणा मार्क्सको छ । यसलाई मार्क्सले सन् १८६० को दशकमा बेलायतको सन्दर्भमा ब्याख्या गर्नुभएको थियो । जसलाई भारत, नेपाल लगायतका राष्ट्रको सन्दर्भमा पनि ब्याख्या गर्नु पर्दछ ।

“पुँजी”को ह्क्ष्क, ह्क्ष्क्ष्क र ह्क्ष्ख एकाइमा क्रमशः सहकारिता, श्रम विभाजन र उत्पादन तथा यान्त्रिकता र आधुनिक उपयोगको बारेमा व्याख्या गरिएको छ । मार्क्सले इञ्जिनियर र प्राविधिकहरूको बारेमा उपयोगी हुने यो एकाईमा औद्योगिक उत्पादनका विषयवस्तुबारे ब्याख्या गर्नुभएको छ । यसलाई मार्क्सले सामाजिक र ऐतिहासिक रूपान्तरणको प्रक्रिया मान्दै यसले पुँजीवादी उत्पादन पद्धतिमार्फत मजदुरको बेरोजगारी अवस्थाको समेत ब्याख्या गर्नुभएको छ ।

मार्क्सले उद्योगमा प्रविधिको प्रयोगले क्रान्तिकारी परिवर्तन ल्याएको धारणा राख्दै परम्परागत उत्पादनको स्वरूपलाई परिवर्तन गर्नुपर्ने धारणा राख्नु हुन्छ । उद्योगमा रसायन, प्रविधि र अन्य आधुनिक विधिको प्रयोगले उत्पादन प्रकृयामा समेत परिवर्तन हुने र यसले सामाजिक सम्बन्धमा समेत प्रभाव पार्ने गर्दछ । प्रविधिको प्रयोगले श्रम विभाजन, विश्वव्यापी श्रमिक गतिशीलता र पुँजीवादी उत्पादन पद्धतिमा अत्यधिक प्रभाव पार्ने धारणा राख्दै यसले श्रमिकको अवस्था र बेरोजगारीमा समेत असर पार्ने धारणा राख्नु हुन्छ ।

मार्क्सले आधुनिक उधोगको भूमिकाको बारेमा सन्तुलित र ऐतिहासिक धारणा राख्नु हुँदै पुँजीवादी उत्पादन स्वरूपका अन्य विभिन्न पक्षहरूको विश्लेषण गर्नुभएको छ । उद्योग र कृषिको सम्बन्धमा समेत मार्क्सले आफ्नो धारणा राख्नुभएको छ । मार्क्सले पुँजीवादी औद्योगिक आधुनिकीकरणले कृषि र कृषि कामदारको जीवनमा पारेको प्रभावको समेत विश्लेषण गर्नुभएको छ । मार्क्सका अनुसार पुँजीवादी उत्पादनले कृषि र निर्माणको क्षेत्रमा अत्यधिक प्रभाव पारेको छ । यसले भविष्यको भौतिक अवस्थाको उच्चतामा कृषि र उद्योगको एकताले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । मार्क्सले मानव र माटोबिचको सम्बन्धको समेत ब्याख्या गर्दै माटोको उत्पादकताको विश्लेषण गर्नुभएको छ । मार्क्सका अनुसार पुँजीवादी कृषिले माटोलाई आफ्नो हितमा प्रयोग गरेको छ । उत्पादकत्वको नाउँमा माटो र श्रमिकहरूको शोषण गरेको छ ।

**“पुँजी” : एक आनन्दपूर्ण अध्ययन**

“पुँजी”को अध्ययन सरल र ज्ञानवर्द्धक छ । “पुँजी”को पहिलो भागको अध्ययनले हामीलाई पुँजीवादका मुख्य धारणा र पुँजीवादी उत्पादन पद्धतिको बारेमा बुझ्न सघाउ पुऱ्याउँछ । यो अत्युक्ति हुदैन कि शासक वर्गले समेत पुँजीवादी उत्पादन स्वरूपको विश्लेषणका लागि “पुँजी”को अध्ययन गर्दछन् । बुर्जुवा बिचारकहरू र बौद्धिक वर्गले समेत मार्क्सको पुँजीलाई अस्वीकार गर्दै यसको बौद्धिक चोरी गरिरहेका छन् । अर्थशास्त्रीहरूले मार्क्सलाई अर्थशास्त्रीको रूपमा नभई राजनीतिक प्रचारकको रूपमा ब्याख्या गरिरहेका छन् । पुँजीवादभित्रको संकट गहिरिँदै जाँदा र नवउदारवाद तथा किन्सको सिद्धान्तले यसको ब्याख्या गर्न नसकेको सन्दर्भमा मुख्य अर्थशास्त्रीहरूले मार्क्सलाई पनि उत्तर-रिकार्डियन भनी हल्ला फिँजाइरहेका छन् । मार्क्सको सिद्धान्तलाई गलत ढङ्गले प्रचार गरिरहेका छन् ।

मार्क्सको “पुँजी”को प्रथम भागमा उल्लेख गरिएको वस्तु र मुल्यको धारणा नै पुँजीको सबैभन्दा महत्त्वपूर्ण र कठिन धारणा हो । यो भागमा मार्क्सले वस्तुको उपयोग मुल्य र विनिमय मुल्यको उल्लेख गर्नुभएको छ । मार्क्सको विनिमय मुल्यको धारणा एक जटिल सामाजिक सम्बन्धको प्रतीक हो । जुन बाह्य र देखिने स्वरूपमा मात्र नभएर अत्यन्त गहिरो र पुँजीवादी उत्पादन स्वरूपलाई उजागर गर्ने धारणा समेत हो ।

“पुँजी”को प्रथम भागको २५ एकाई पनि त्यतिकै महत्त्वपूर्ण छ, जसले पुँजीवादी सञ्चितीकरणको नियमको बारेमा उल्लेख गर्दछ । यसले पुँजीवादी उद्विकासको विरोधाभास मात्र नभएर वास्तविक संसारको विरोधाभास समेत उल्लेख गर्दछ । माकर्सको “पुँजी”का सम्पूर्ण एकाइहरू यति महत्वपूर्ण छन् कि प्रत्येकले विगत र वर्तमान संसारको आवाज बोलिरहेको देखिन्छ । मार्क्सले तत्कालीन तथ्याङ्कलाई सावधानीपूर्वक प्रयोग गर्नुभएको छ र अनुभवसिद्ध तथ्यहरूको समेत प्रयोग गर्नुभएको छ । उहाँले पूर्वीय साहित्य र तत्कालीन समयका दार्शनिक विचारहरूलाई समेत यथास्थानमा राम्रो ढङ्गले प्रयोग गर्नुभएको छ ।

मार्क्सले त्यस समयका प्रसिद्ध कवि गोथेको उल्लेख गर्दै पुँजीवादको विकास र यस भित्रका विरोधाभास र यसको विनासको राम्रो ढङ्गले ब्याख्या गर्नुभएको छ । त्यसैले “पुँजी”को अध्ययन गर्नुहोस्, यसको भूमिका पढ्न नछुटाउनुहोस् र तिनै भागको अध्ययनले तपाईंको ज्ञानको क्षितिज नवीन र फराकिलो समेत हुनेछ ।

*(लेफ्ट रिभ्यू अनलाइनबाट)*

# सुर्खेतमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न, क्रान्तिकारी पत्रकार महासंघको संयोजकको जिम्मा कठायतलाई

सुर्खेत । वर्तमान सरकारको पालामा राष्ट्रिय स्वाधिनता र जनतन्त्रको अवस्था संकटपूर्ण बनेको भन्दै नेकपा (क्रान्तिकारी माओवादी) ले मुलुकलाई गम्भीर समस्याबाट जोगाउन आम नागरिक, वौद्धिक वर्ग, सामाजिक अगुवा, पत्रकार सबैले आ आफ्नो क्षेत्रबाट भूमिका खेल्नुपर्नेमा जोड दिएको छ ।

क्रान्तिकारी माओवादीका नेताहरूले विभिन्न ठाउँमा मुलुकको सीमा अतिक्रमण भैरहेको भएपनि राज्य मौन बसेको र नागरिकहरूमाथि करको भारी जबर्जस्त रूपमा बोकाएको भन्दै राष्ट्रिय स्वाधिनता र जनतन्त्रको अवस्थाका विषयमा पत्रकारहरूलाई कलम चलाउँन आग्रह गरेका छन ।

शनिबार प्रदेश नम्बर ६ को राजधानी विरेन्द्रनगर सुर्खेतमा क्रान्तिकारी पत्रकार महासंघ, सुर्खेतको आयोजनामा सम्पन्न 'राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवालमा पत्रकारहरूको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै क्रान्तिकारी माओवादीका नेताहरूले त्यस्तो बताएका हुन ।

कार्यक्रममा पत्रकारहरूको प्रश्नहरूको उत्तरसहित आफ्नो धारणा राख्ने क्रममा क्रान्तिकारी माओवादीका प्रदेश सेक्रेटरी चक्रपाणी शर्माले वर्तमान ओली नेतृत्वको सरकारको पालामा मुलुकमा भ्रष्टाचार, तस्कर, दलालीकरण बढेको बताए ।

उनले राज्यले भ्रष्ट र सामाजिक अपराधिहरूलाई संरक्षण गरेको हुनाले त्यस्तो अवस्था आएको औल्याए । उनले भने-'मुलकमा भ्रष्टचारी र अपराधीहरू खुलेयाम हिडेका छन तर जनताको अधिकारको लागि राजनैतिक मुद्धा लिएर हिडेका नेताहरूमाथि राज्यले प्रतिबन्ध लगाउने, पक्राउ गर्ने काम गरिरहेको छ, यो कस्तो राज्य हो ?'

राजनैतिक दलमाथिको प्रतिबन्ध हटाएर जनताको परिवर्तनप्रतिको चाहना पुरा गर्न राज्याली आग्रह समेत गरे । उनले मुलकमा जनताको जनजीविका अस्तब्यस्त भएको भन्दै बाँच्नै गाह्रो अवस्था नल्याउन सरकारको ध्यानाकर्षण समेत गराए । उनले ओली सरकार समाजवादको भ्रम दिएर फासिवादतर्फ उन्मुख रहेको आरोप समेत लगाए ।

उनले मुलुकको सीमा क्षेत्रको अतिक्रमण, नेपाली भूमिको खोजी, असमान सनिध सम्फौताहरूको खारेजी, जनअधिकारको रक्षा गर्न राज्य बाधक भएमा त्यसको आफ्नो पार्टीले त्यसको नेतृत्व गर्ने प्रष्ट पारे ।

उनले आफ्नो पार्टीले जनताको हक, अधिकार र मुलुकको राष्ट्रिय स्वाधिनताको प्रश्नमा राज्यलाई दवावमूलक सडक आन्दोलनका कार्यक्रमहरू गर्ने भन्दै त्यस्मा राज्यले रोक्न खोजेमा ठिक ढंगले प्रतिकार गरिने भन्दै चेतावनी समेत दिए ।

उनले देश र जनताको पक्षमा, मुलुकको राष्ट्रियतामाथिको संकटका पक्षमा पत्रकारहरूलाई कलम चलाउन र मुलुकलाई गम्भीर संकटबाट जोगाउ भूमिका खेल्नका लागि आग्रह समेत गरे ।

उक्त कार्यक्रममा क्रान्तिकारी माओवादी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका प्रदेश संयोजक दिपक शाहीले मोर्चाले मेची महाकाली राष्ट्रिय जनजागरण अभियानको क्रममा विभिन्न ठाउँमा सीमा क्षेत्रमा समस्याहरू भेटेको र जनताहरू राज्यकै कारण मारमा परेको भन्दै त्यसको विकल्प खोज्नुपर्ने अवस्था आएको बताए ।

संयोजक शाहीले मोर्चाले मुलुकमा ब्याप्त तमाम समस्याहरूको समाधानको लागि सडक आन्दोलन विकल्प रहेको भन्दै राज्यवयवस्था परिवर्तनको लागि मोर्चा आन्दोलनको तयारीमा रहेको खुलासा गरे । उनले चैत्र २४ गते काठमाडौंमा हुने विशाल जनप्रदर्शनको कार्यक्रममा सहभागि हुनका लागि आम नागरिकमा अपिल समेत गरे । उनले मोर्चाको राष्ट्रिय सम्मेलनको उद्घाटन शत्रबाटै वर्तमान व्यवस्थाको विरुद्धमा सडक आन्दोलनको उद्घोष गरिने जनाए ।

क्रान्तिकारी पत्रकार महासंघ सुर्खेतका संयोजक मनराज कठायतको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको सहजिकरण गर्दै उक्त संगठनका केन्द्रीय कार्यालय सदस्य लोकराज जैसीले पत्रकारहरू परिवर्तनको पक्षमा रहने भन्दै देश मुलुकको समस्या तथा त्यस्को विकल्पका विषयमा समाचारहरू सम्प्रेषमा ध्यान दिनुपर्ने बताए ।

उक्त कार्यक्रममा थाहाखबर डटकमका पत्रकार धर्मराज जिसिले पत्रकारको हक, अधिकारको अवस्थाबारे जनाउँदै मिडिया संञ्चालक र सम्बद्ध निकायहरूसँग समेत त्यस्तो अन्तरक्रिया गर्नुपर्ने औल्याए । त्यस्तै प्राइम टाइम्स टेलिभिजनका पत्रकार अप्सरा बिष्टले मिडियाकर्मिहरू बीच एकजुट हुनुपर्नेमा जोड दियन ।

उक्त कार्यक्रममा टिभि टुडेका पत्रकार युवराज पंगालीले राष्ट्रियता, जनतन्त्र र जनजिविकाको विषयमा देशव्यापी रूपमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्नुपर्ने सुझाव राखे । उनले राष्ट्रियताको विषय गम्भीर भएको भन्दै त्यसमा सबै क्षेत्रका मानिसहरू सजग हुनुपर्ने धारणा राखें ।

त्यस्तै उक्त कार्यक्रममा शुक्षदृष्टि साप्ताहिकका पत्रकार खगेन्द्र अधिकारीले पत्रकारहरूको समस्याबारे औल्याउँदै समाधानका लागि एकताबद्ध हुनपर्ने धारण राखें । उनले पत्रकारको भूमिका निष्पक्ष समाचार सम्प्रेषण गर्ने र नागरिकलाई घटनाक्रमको विषयमा जानकारी गराउँने भन्दै त्यसका लागि दलिय प्रभावभन्दा माथि उठ्नुपर्ने बताए ।

सुर्खेतका विभिन्न सञ्चारमाध्यमा कार्यरत एक दर्जन बढी पत्रकारहरूको उक्त कार्यक्रममा सहभागिता रहेको थियो । पत्रकारहरूले पार्टीको नीति, कार्यक्रम र जनताको समस्याका विषयमा नेताहरूसँग जिज्ञासा समेत राखेका थिए ।

उक्त कार्यक्रममा क्रान्तिकारी माओवादी सुर्खेतका सेक्रेटरी श्याम, दैलेख सेक्रेटरी विरेन्द्र, अखिल क्रान्तिकारीका नेता हिमाल शाही, लगायत विभिन्न संघ संगठनका नेता, कार्यकर्ताहरूको समेत बाक्लो उपस्थिति रहेको थियो ।

यसैबीच, सुर्खेतको विरेन्द्रनगरमा आयोजित क्रान्तिकारी माओवादी सम्बद्ध विभिन्न संगठनका अगुवा नेता, कार्यकर्ताहरू सम्मिलित एक भेलाले क्रान्तिकारी पत्रकार महासंघ सुर्खेतको संयोजकमा पत्रकार मनराज कठायतलाई जिम्मेवारी दिएको छ ।

उक्त भेलामा क्रान्तिकारी माओवादीका प्रदेश नम्बर ६ का सेक्रेटरी चक्रपाणी शर्मा, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका प्रदेश संयोजक दिपकबहादुर शाही, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय कार्यालय सदस्य लोकराज जैसी, जिल्ला पार्टीका सेक्रेटरी श्याम कार्की, दैलेख जिल्ला सेक्रेटरी विरेन्द्र सिंह, अखिल क्रान्तिकारीका नेता हिमाल शाही लगायतको विशेष उपस्थिति रहेको थियो ।

क्रान्तिकारी पत्रकार महासंघमा आवद्ध पत्रकारहरूलाई शोसित, पीडित आम नेपाली जनताको समस्याहरूलाई सञ्चार माध्यम मार्फत उजागर गर्दै न्यायको पक्षमा कलम चलाउन पार्टीका प्रदेश सेक्रेटरी शर्माले निर्देशन दिए ।

## देजमो तनहुँको जिल्ला सम्मेलन सम्पन्न

तनहुँ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल तनहुँको सम्मेलन सम्पन्न भएको छ । तनहुँको भिमाद नपामा भएको सम्मेलनले बेनीबहादुर थापामगरको नेतृत्वमा १५ सदस्यीय जिल्ला कमिटि निर्वाचित गरेको छ ।

प्राप्त समाचार अनुसार सम्मेलनले अध्यक्षमा बेनीबहादुर थापामगर, उपाध्यक्षमा हेमकुमारी आले मगर, सचिवमा जीतबहादुर महत, सहसचिवमा मिरा पाठक, कोषाध्यक्षमा उजेलीमाया रानाभाटलाई निर्वाचित गरेको छ ।

सम्मेलनले सदस्यहरूमा श्रीराम लम्साल, केशबराज भट्टराई? उपबहादुर थापामगर, रेशमलाल सार्की, रिजीलाल नेपाली, रामबहादुर कुमाल लगायतलाई निर्वाचित गरेको छ ।

पार्टी केस तथा तनहुँ-नवलपुर इन्चार्ज अनुकूलको प्रमुख आतिथ्यतामा सम्पन्न मोर्चाको सम्मेलनमा मोर्चाका केस बाबुराम सुवेदीको आतिथ्यता रहेको थियो । श्रीराम लम्सालले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता नेत्र रानाभाटले गरेका थिए । कार्यक्रमलाई जीत महतले स्वागत गरेका थिए ।

उद्घाटन सत्र र बन्द सत्र गरी दुई सत्रमा सम्पन्न सम्मेलनको बन्द सत्रमा बाबुराम सुवेदी, श्रीराम लम्साल र उजेलीमाया रानाभाटको अध्यक्ष मण्डल बनाई श्रीराम लम्सालले बन्द सत्रको कार्यक्रम चलाएका थिए । बन्द सत्रले नेत्र रानाभाटले प्रस्तुत गरेको प्रतिवेदन पारित गरेपछि अध्यक्ष मण्डलका अध्यक्ष बाबुराम सुवेदीले प्रस्तुत गरेको प्यानल प्रस्ताव पारित गरेको थियो । निर्वाचित कमिटिको पहिलो बैठकले कमिटिका पदाधिकारीहरूको चयन गरेको थियो ।

## कपिलवस्तुका विभिन्न स्कूल क्याम्पसमा अखिल (क्रान्तिकारी)का संगठन निर्माण

बुटवल । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले कपिलवस्तुका विभिन्न स्कूल तथा कलेजमा संगठन निर्माण गरिएका छन् ।

प्राप्त समाचार अनुसार कपिलवस्तुको सिद्धार्थ क्याम्पसमा मूल इकाई समिति बनेको छ । विद्यार्थीहरूको भेलाले कमिटको अध्यक्षमा रेणुका विक, उपाध्यक्षमा धर्मेन्द्र यादव, अन्दला चिमी गैरे, सचिवमा कल्पना थारु, सहसचिवमा अनामिका चौधरी, शिवु कुमाल, कोषाध्यक्षमा रमा थापा लगायत ५६ सदस्यीय कमिटि निर्माण गरिएको छ ।

वाणगंगा बहुमुखी क्याम्पसको मूल इकाई कमिटिको अध्यक्षमा पवित्रा क्षेत्री, उपाध्यक्ष विक्रम अधिकारी, सचिवमा रिसव केसी, सहसचिवमा संगम बहादुर मगर, कोषाध्यक्षमा जीतबहादुर रानालगायत ४५ सदस्यीय कमिटि निर्माण गरिएको छ ।

त्यसैगरी जनज्योति माविको इकाई कमिटि अध्यक्षमा सारदा थारु, उपाध्यक्षमा रिना पाण्डे, विशाल थारु, सचिवमा नरेन्द्र वेलबासे, सहसचिवमा शिशिर उपाध्याय, सिर्जना घिमिरे, अनुप मगर, कोषाध्यक्षमा वर्षा अधिकारीसहित ५२ सदस्यीय कमिटि निर्माण गरिएको छ ।

त्यस्तै कपिलवस्तु बहुमुखी क्याम्पसको मूल इकाई कमिटिको अध्यक्षमा सोमाइ लोहार, उपाध्यक्षमा दिलेन्द्रकुमार यादव, सचिवमा रामसुभक पासी, सह सचिवमा प्रविण कुमार पासी, व्रिजेस बखाई, कोषाध्यक्षमा पशुपाति यादव लगायत १८ सदस्यीय कमिटि निर्माण गरिएको छ । सबै भेलामा संगठनका केन्द्रीय सचिव तथा ५ नं. प्रदेशका अध्यक्ष महेश श्रेष्ठको उपस्थिति रहेको थियो ।

# बचेखुचेको आत्मनिर्भर अर्थतन्त्र स्वाहा पार्न लगानी सम्मेलन

## कति असर पार्ला अमेरिका-चीन रस्साकस्सीले ?

काठमाडौं । चैत १५ गते नेपालमा लगानी सम्मेलन आयोजना गरिएको छ । यो सम्मेलनमा करीब ३८ मुलुकका ६ सय भन्दा बढी लगानीकर्ताहरूको उपस्थिति रहने अनुमान गरिएको छ । लगानी बोर्डले जनाएअनुसार ६३० जना लगानी कर्ताहरू उक्त कार्यक्रममा भाग लिन इच्छुक रहेका छन् ।

लगानी बोर्डका अुसार विश्वका ८ सयभन्दा बढी लगानीकर्तालाई लगानी सम्मेलनका लागि आमन्त्रण गरिएको थियो । चैत १५ गतेसम्म केहीथप भए पनि आमन्त्रण गरिएका सबै भने उपस्थित हुने देखिदैन ।

'समृद्ध नेपाल र सुखी नेपाली'को नाराको मर्मअनुसार 'बाउको नभए पनि साउ'को खाने भित्री योजना बुनेर ओली सरकारले निकै जोडबलका साथ लगानी सम्मेलन गरिन थालेको हो । विदेशीको स्वार्थ र शर्तअनुसार 'समाजवाद' निर्माणको दिशामा यो सम्मेलनले निकै ठूलो टेवा पुर्याउने ओलीको दुईतिहाईप्राप्त कम्युनिष्ट सरकारको आशा रहेको देखिन्छ ।

यो सम्मेलनको पूर्व सन्ध्यामा एक अमेरिकी उच्च अधिकारी नेपाल आएर चीनलाई चुनौतीको भाषामा 'नेपाली गरीबहरू लुट्नका लागि चीनले नेपालमा लगानी गर्न पाउँदैन' भनेलगत्तै ओली सरकारद्वारा आयोजित यो लगानी सम्मेलनको छिमेकी देश चीनको सहभागिता केकस्तो रहने हो, यो आफैमा गहिरो प्रश्न बनेको छ । यसका साथै नेपाली गरीबहरूको 'समृद्धि'का लागि सोच्ने र चिन्तित रहने अमेरिका र त्यसका लबीले कुन हद र कति मर्मका साथ लगानी गर्न इच्छुक हुने हुन् त्यो पनि हेर्न बाँकी छ ।

नेपालमा अहिले आर्थिक होइन, विश्व महाशक्तिहरूको राजनतिक र रणनीतिक गतिविधिहरू तीव्रतामा अघि बढिरहेका छन् । देशको असंलग्न परराष्ट्रनीति बेचेर खाएको 'बहुमुखी दलाल' ओली सरकारको आर्थिक होस् वा राजनीतिक गन्तव्य कहीं र कतै पनि पुग्ने देखिदैन ।

अर्थविदहरूका अनुसार नेपाल नेपालीहरूको स्वार्थमा केही भए पनि आत्मनिर्भर अर्थतन्त्रको विकास नगरेर नेपाल उँभो लाग्ने देखिदैन । बढ्दो आयात र परनिर्भर अर्थतन्त्रका कारण देशको शोधनान्तर घाटा अकल्पनीय रूपमा बढेर गएको छ । रेमिटेन्सको नाममा देशमा रहेका युवा जनशक्ति सरकार आफैले मानव तस्कर संस्थाका रूपमा बेचबिखन गरिरहेको छ । एकातिर समाजवाद निर्माण, समृद्ध नेपालको नारा दिने र अर्कोतिर बेरोकटोक खुल्ला र अराजक रूपमा विदेशी लगानीकर्ताहरू भित्र्याउने तथा परनिर्भरताको आर्थिक प्रणाली अवलम्बन गर्ने सरकारले आयोजना गरेको लगानी सम्मेलनको कुनै अर्थ र महत्व छैन ।

देशमा रहेका उत्पादनहरूको प्रोसेसिङ, तयारी मालका रूपमा निर्माण र तिनको विश्व बजारमा वितरण गर्नतिर लगानी आकर्षणका लागि यो लगानी सम्मेलन भइरहेको छैन । यो त केवल केही मात्रामा भए पनि बचेखुचेको आत्मनिर्भर अर्थतन्त्रको आधार मेटाउन र बेरोकटोक विदेशी लगानी भित्र्याएर लूटतन्त्र निर्माणका लागि गरिएको पहल जस्तो हुन पुगेको छ ।

उनीहरूको लूट र मुनाफाका लागि विदेशी हात्ती लगानी हुँदा खरायोको रूपमा रहेको नेपालको आर्थिक स्रोत तथा आर्थिक अवस्थाको बचाउका लागि कुनै पनि बलियो घरेलु कानुन तथा अन्य बचाउका आधारहरू निर्माण त के सोचसम्म पनि बनाइएको छैन । यस्तो अवस्थामा अहवान गरिएको लगानी सम्मेलन रमिता बाहेक केही पनि नहुने पक्कापक्की छ ।

## नेकपाका नेता हेमन्तप्रकाश ओली गिरफ्तार

# कम घनत्वको युद्धनीतिमा ओली सरकार

काठमाडौं । नेकपाका प्रभावशाली नेता हेमन्तप्रकाश ओली 'सुदर्शन' पक्राउ परेका छन् । उनीसहित मध्य कमाण्डको नेकपाको टिम प्रहरीको घेराउमा परेको हो । ओली नेकपा मध्य कमाण्डका इन्चार्ज हुन् ।

ओली सरकारद्वारा प्रतिबन्धको घोषणा गरेपछि कम घनत्वको युद्धको अमेरिकी तरिका अपनाएर नयाँ खालको सर्च अभियानमा सरकारी जंगी शक्ति लागि रहेको छ । यही क्रममा प्रहरीको विशेष सर्च टोलीले शुक्रबार राती काभ्रेबाट ओलीको टिमलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार विप्लव नेकपाका स्थायी समिति सदस्य ओलीसँगै अन्य आठ जना नेता तथा कार्यकर्ता पनि पक्राउ परेका छन् ।

पक्राउ पर्ने अन्य नेता तथा कार्यकर्ताहरूमा शंकर अधिकारी, धर्मराज राजबाहक, रामकृष्ण खतिवडा, विजय श्रेष्ठ, ललित लामा, सन्जीव कार्की, वेद घिमिरे र लोकेन्द्र खड्काहेको बताइएको छ ।

जानकारी अनुसार काभ्रे र ललितपुरको सीमानामा रहेको खानीखोला गाउँपालिका मिल्चेस्थित बोरेनीमा उनीहरूलाई गिरफ्तार गरिएको हो । भूमिगत टिम बा १७ च ४८९३ नं को स्कारपियो गाडीमा ललितपुरतिर जाँदै थिए । गिरफ्तारपछि उनीहरूलाई राती नै काठमाडौं ल्याइएको थियो ।

सूचना सञ्चारको अत्यधिक प्रयोग गरेर कम घनत्वमा फौज परिचालन गर्ने र स्थानीय प्रहरी चौकीहरूसँग समन्वय गर्दै अघि बढ्ने फौजी नीति अबलम्बन गरी उनीहरूलाई गिरफ्तार गरिएको हो ।

के हो कम घनत्वको युद्ध ?

कम घनत्वको युद्धमा थोरै तर सेलेक्टेड शक्ति प्रयोग गरिन्छ । हात हतियारका हिसाबले पनि एक नम्बरका हतियार केन्द्रित गरिन्छ । सूचना सञ्चार पनि त्यहीखाले बढी संवेदनशील र उच्च र्याङ्कका प्रयोग गरिन्छ । संभावित स्थान वा शेल्टर विशेषको छनौट गरी घनिभूत निगरानी राखिन्छ ।

यो युद्ध घोषणा, होहल्ला, प्रचारबाजीभन्दा पनि बढी लुकेर, छिपेर, सूचनाको सुनिश्चित गरेर गरिन्छ । आम जनताका पछि वा कार्यकर्ताका पछि नलागेर मुख्य मुख्य नेतृत्वको सघन पिछा गरिन्छ । यो युद्ध पूर्व निर्धारित हुन्छ । खोजि गरिएकामध्ये कोको र कति जना छन्, तिनीहरूलाई गिरफ्तार गरिने हो कि मारिने हो, घाइते बनाइनु पर्ने हो कि गायब पारिनु पर्ने यो सबै एक्सन फिक्स हुनु अगाडि नै आधिकारिक निकायबाट निर्णय गरी एक्सन टिमलाई निर्देशन गरिन्छ ।



तदनुरूपको फौजी एक्सनपछि प्रचार पनि रेडिमेड रूपमा ढिलो वा चाँडो गरिन्छ । यसलाई एक्सनमा निशस्त्र समातेर हत्या गरिएको होस् वा भिडन्त भएको होस् वा आत्मसमर्पणपछि मारिएको होस्, यसको जवाफ पूर्व निर्धारित वा रेडिमेड नै हुन्छ । यसको मतलब हो सबै कुरा पूर्व निर्धारित ।

पेरुमा क्रान्तिकारी पार्टी साइनिङ पाथका नेता अबिमायल गुज्मनको गिरफ्तारी र जेल गुमनाम, बोलिभियामा चे ग्वेभेराको गिरफ्तारी र अमानवीय हत्या, पाकिस्तानको ओटावा सहरमा पाकिस्तानी सैनिक क्याम्पसँग जोडिएको घरमा ओसामा बिन लादेनको मध्यरातमा हत्या आदिइत्यादि 'टपमोष्ट' कम घनिभूत युद्धका उदाहरण र अमेरिकी सफलताहरू हुन् । सबैभन्दा रोचक कुरा त ओसामा बिन लादेन त्यहाँ रहेको उनको हत्या गरिनु भन्दा आठ महिना पहिले अमेरिकाले पत्ता लगाएको र निरन्तर उच्च गोपनियताका साथ निगरानी गर्दै आएको थियो । आठ महिनापछि अमेरिकी सानो टुकडीले ओटाबास्थित विनलादेनको शेल्टरघरमा यसरी आक्रमण गरी क्षणभरमै उसको हत्यागरी लास लिएर गयो कि पाकिस्तानी सेना अलर्ट हुँदा अमेरिकी लडाकु हेलिकप्टर र फाइटर विमानहरूले पाकिस्तानी सीमा काटिसकेका थिए ।

चे ग्वेभेरालाई घेरा हालेर समात्दा जम्मा ७ जना अमेरिकी रेन्जर सेनाहरू मात्र थिए । अबिमायल गुज्मानलाई समात्न पिछा गर्ने अमेरिकी अधिकारीको अनुसन्धान कक्षमा प्वाल परेको पुरानो टेबुल, केही कलम र कापी, पानी खाने जार, एकदुई जोर लत्ता कपडा भन्दा बढी केही पनि थिएनन् । अमेरिकीहरूले प्रयोग गरेको 'थ्योरी' भनेको 'फाइट द गुरिल्ला, लाइक द गुरिल्ला' नै हो ।

अहिले विप्लव नेतृत्वको नेकपाको केही सोच र अनुभव भनेको जनयुद्धको हो । शैली गुरिल्लाको हो । तर नेपालमा अमेरिका पसिसकेकाले लडाई र छिपाइको पुरानो शैली काम लाग्दैन । अर्को कुरा, परिस्थिति छापामार युद्धअनुकूल पनि छैन । देशैभर सत्ताधारी नेकपाका मान्छे र समर्थकहरू व्यापक छन् । जनतामा वैचारिक र फौजी कित्ताबन्दी पनि भएको छैन । सबैको हातहातमा सञ्चारका साधन मोबाइलहरू छन् ।

सबैभन्दा असजिलो कुरा त विप्लव नेकपा लडाइँ नलड्ने मुडमा भएको र सरकारी सैनिक तथा पुलिसमाथि आक्रमण गर्ने कुनै नीति नै नभएको स्पष्ट गरिहँदा पनि सरकारले फौजी शक्ति प्रयोग गरेर जबर्जस्त युद्ध थोपरिरहेको अवस्था छ । योसँगै 'पावर सेयरिङ'को क्लियर भिजन पनि नहुने र संघर्षको तयारी पनि नहुने अवस्थामा कम घनिभूत युद्धको अमेरिकी फौजी कलाले विप्लव नेकपामा ठूलो अप्ठेरो आइपरेको सहजै देखिन्छ ।

वर्तमान ओली सरकारले त सूचना संकलनका लागि यतिसम्म पनि गरेको छ कि सानातिना पार्टीका नेताहरूलाई पनि प्रहरी सुरक्षा पार्श्ववर्तीको व्यवस्था गरेर सेकेण्डभर पनि आफ्नो नियन्त्रणभित्र राखिरहेको छ ।

# ब्रेकजिटविरुद्ध बेलायती सहरमा प्रदर्शन




काठमाडौं । युरोपियन युनियनले बेलायतलाई ईयुबाट बाहिरिन दुई महिनाको समयसीमा थप गरेको केही दिनभित्रै बेलायती सहरहरूमा ब्रेकजिटका विरुद्ध जनस्तरबाटै प्रदर्शनहरू हुन थालेका छन् । बेलायतको प्रसिद्ध स्थल हाइड पार्कमा जम्मा भएका प्रदर्शनकारीहरूले ब्रेकजिटका लागि अर्को जनमतसंग्रहको माग गर्दै विभिन्न सहरहरूमा प्रदर्शन गरेका थिए ।

प्रदर्शनका क्रममा ब्रेकजिटले अन्यौलताले देशको आर्थिक जीवन तहसनहस पारेको भन्दै यसका लागि नयाँ जनअभिमत आवश्यक भएको कुरामा जोड दिएका थिए । सुरुमा ब्रेकजिटका पक्षमा देखिएको जनमत यसको प्रक्रियामा ढिलाइ हुँदै जाँदा विपक्षमा देखिन थालेको छ । यस्तो अवस्थामा बेलायतले उचित निर्णय लिन सकेन भने ब्रेकजिटले बेलायतलाई अपठेरो पार्ने छ ।

दुई वर्षअघि ईयुबाट ब्रेकजिटका लागि निकै उत्साहका साथ निर्णय लिएको बेलायत अहिले न त गरिपुर्‍याउने न त छोडिसक्ने अवस्थामा पुगेको छ । प्रधानमन्त्री टेरिजा मेको आफ्नै पार्टी विभाजित भएपछि यो समस्या अझै बढी लम्बिन पुगेको हो ।

पछिल्लो पटक ब्रसेल्समा बसेको ईयुको बैठकले बेलायतको घरेलु मामलालाई मध्यनजर गरेर २ महिनाको समयसीमा थप गरेको छ । यसले बेलायती प्रधानमन्त्री मेलाई केही सास फेर्ने बाटो मिले पनि दुईदुईपटकसम्म उनको प्रस्ताव बेलायती संसदबाट अस्वीकृत भएको अवस्थामा ईयुले दिएको थप दुई महिनामा केही निकास आउला भन्ने कुरा आशंकाकै गर्भमा रहेको छ ।

ब्रेकजिट संकट गलाको पासो बनेर बेलायती संसदमा अल्झिन पुगेको छ । यसले प्रधानमन्त्री टेरिजा मेलाई राजीनामाको अप्ठेरो विकल्प छनौट गर्न बाध्य बनाउने पनि देखिन थालेको छ ।

## एसएसबीकै कारण कालोपत्र रोकियो



भीमदत्त नगरपालिका वडा नम्बर ९ को टनकपुर बाँध नजिकै नगरपालिकाको आफ्नै ठेक्का प्रक्रिया गरिन लागेको कालोपत्रे पनि भारतीय दबाबका कारण रोकिएको छ ।

भारतीय एसएसबीले उक्त सडकमा कालोपत्रे गर्ने कार्य बन्द गर्न चेतावनी दिएको छ । काम भइरहेका बखत शुक्रबार उक्त कार्यमा रोक लगाइएको थियो । एसएसबीको अवरोधपछि केही दिनका लागि सडक निर्माणकार्य रोकिएको भीमदत्त नगरपालिकाले जनाएको छ । दुई देशका प्रशासन प्रमुखबीच यही चैत १३ गते सीमा बैठक बसेर हल गर्ने मौखिक सहमति पनि गरिएको जानकारीमा आएको छ ।

नगरपालिकाले ब्रह्मदेव बजारदेखि ३ नं सीमा स्तम्भसम्मको सडक कालोपत्रे गर्ने काम सुरु गरेको हो । ठेक्का आह्वान गरी सडक निर्माण सुरु भइसकेको उक्त सडक खण्डको सीमा पिल्लर नं ३ देखि ब्रह्मदेव बजारसम्म १३८ मिटर लम्बाइ रहेको छ । टनकपुर बाँधदेखि ब्रह्मदेव बजारसम्म रहेको एक हजार तीनसय मिटर बाटोमध्ये भारतीय पक्षले आफ्नो भूमिमा सडक निर्माण गरिसकेको छ ।

## प्रतिपक्षी विनासहभागिता विनाको थाइल्याण्डको चुनाव



थाइल्याण्डको सरकारले प्रमुख प्रतिपक्षी पार्टीको सहभागिता विना नै निर्वाचनको तिथिमिति घोषणा गरी निर्वाचनको सुरसार गरिसकेको छ । यो निर्वाचन अरु धेरै दलहरूको सहभागिता विना गर्न थालिएको हो ।

आइतबार नै उक्त निर्वाचन गरिन लाागिएको छ । आपसी विवाद, चर्को प्रचारप्रसार र राष्ट्रिय बहसका बीचमा हुन थालेको बहुप्रतिक्षित निर्वाचनमा सबैको आँखा पर्न गएको छ । यसको व्याख्या अनुसार सैन्य प्रमुखको नेतृत्वमा चलेको सरकारलाई निर्वाचनमार्फत् लोकतान्त्रिक सरकारमा परिणत गराउने प्रयास स्वरूप यो निर्वाचन गर्न लागिएको हो ।

हुन लागेको निर्वाचनमा प्रमुख दल नै सहभागी नभएपछि पनि निर्वाचन गरिछाडिने भएको छ । निर्वाचन के हो र केका लागि भन्ने प्रश्न उठ्दै गर्दा देशका दुई जना पूर्व प्रधानमन्त्रीको पार्टी नै विघटन गरेर निर्वाचन गरिन थालिएको हो ।

पूर्वप्रधानमन्त्रीद्वय थाक्सिन सिनावात्रा र यिङ्लक सिनावात्राको थाई रक्षा चार्ट नामक पार्टीलाई अदालतले विघटन गरिदिएको छ । निर्वाचन पूर्व गरिएको विघटनका कारणले उक्त दलको असहभागिता हुन गएको हो । निर्वाचनको समय तालिकाअनुसार आमनिर्वाचनको ठीक दुई हप्ता अगाडि थाइ रक्षा चार्ट पार्टीको विघटन गरिएको थियो ।

पूर्व थाई राजकुमारी उबोलरतनालाई प्रधानमन्त्रीको उम्मेदवार बनाउन थाइ रक्षा चार्टले निकै प्रयत्न गरेको थियो । उबोलरतनाले आफूले पनि उक्त प्रस्ता स्वीकार गरेकी थिइन् । तर त्यहाँको दरबारले यस कुरामा आपत्ति जनाएपछि उबोलरतना पछाडि हटेकी थिइन् । उबोलरतनालाई राजनीतिमा तानेर गलत काम गरेको भन्दै अदालतले थाइ रक्षा चार्ट पार्टीलाई विघटन गरिदिएको फैसला सुनाएको थियो ।

थाइल्याण्डका अर्बपति थाई नेता थाक्सिन सिनावात्रा थाइल्याण्डको राजनीतिमा निकै प्रभावशाली व्यक्तित्व मानिन्छन् । सिनावात्रा थाई सेना र बैंककस्थित धनाढ्य वर्गका अरुचीका पात्र भए ग्रामीण इलकामा भने उनी निकै लोकप्रिय रहेका छन् ।

## फेरि मच्चिन थाल्यो भारतीय दादागिरी

काठमाडौं । भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले नेपालीहरूमाथि फेरि पनि दादागिरी देखाउन थालेको छ । सुदुरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लास्थित भीमदत्त नगरपालिका वडा नम्बर ९ ब्रह्मदेवमा स्थायी बसोबास गर्दै आएका चार मुक्तहलिया परिवारमाथि घर निर्माणमा रोक लगाएको छ ।

नेपालमा हलिया मुक्तिको आन्दोलन चलेपछि उक्त प्रथाबाट मुक्त गरिएका हलियाहरू देशका विभिन्न भागमा गएर बसोबास गर्दै आएका छन् । तर ती मुक्त गरिएका हलियामध्ये केही त सरकारी घोषणा भन्दा पनि पहिलेदेखि नै आफ्नो खेतीपाती गर्दै जीवन गुजारा गरी आएका छन् ।

आजभन्दा दुई दशकदेखि भोगचलन गर्दै आएको जग्गामा मुक्तहलिया परिवारले घर निर्माण गर्न खोज्दा एसएसबीका जवानले निमार्णकार्य रोक्न लगाएका छन् । भारतीय एसएसबीले घर निर्माणका लागि रोक लगाएका खडक सार्की, बाली सार्की, मदन सार्की र परदेशी दमाइलाई नेपाल सरकारले 'ख' वर्गको परिचयपत्र उपलब्ध गराएको छ । उक्त 'ख' वर्गका परिवारलाई एक लाख २५ हजार रुपैंयाका दरले रकम पनि उपलब्ध गराएको थियो ।

कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी सुशील वैद्यका अनुसार आगामी मार्च २७ गते नेपाल-भारतका अधिकारीबीच सीमावर्ती भिमदत्त बजार वनवासामा द्वीपक्षीय बैठक बसी ती समस्याहरूका बारेमा छलफल गरिने बताइएको छ ।

### तनाव र छटपटीमा अमेरिका

## चीनको विश्व व्यापार आफ्नै गतिमा




काठमाडौं । अमेरिका र चीनका बीचमा व्यापार युद्ध चल्दै गर्दा पछिल्लो समयमा अमेरिकाले फेरि दुईवटा चिनियाँ सिपिङ कम्पनीमाथि प्रतिबन्धको घोषणा गरेको छ । राष्ट्रसङ्घीय प्रतिबन्धको बेवास्ता गरी उत्तर कोरियालाई सहयोग गरेको आरोप लगाउँदै अमेरिकाले उक्त घोषणा गरेको बताएको छ । यस्तो खाले अमेरिकी कदमले वार्तारत उत्तर कोरियालाई थप अप्ठेरोमा पारेको छ । उता अमेरिकाको भने वार्ताबाट केही नहुने र केवल रणनीतिक रूपमा मात्र अघि बढ्ने भएकाले केही छटपटाहट आएको देखिन्छ ।

अमेरिका अहिले तनाव र उत्तेजनाका साथ चीनविरुद्धमा खनिन थालेको छ । तर चीनको विश्व व्यापार भने आफ्नै गतिमा अघि बढिरहेको छ । चीनमाथि केही दबाब दिएर उत्तर कोरियालाई तह लगाउन सकिन्छ कि भन्ने अमेरिकी योजना आफैमा अपरिपक्व तथा घुमाउरो हुन पुगेको देखिन्छ । यसैबीचमा अमेरिकी अर्थ मन्त्रालयले चीनका दुई कम्पनीहरू डालियान हाइबो इन्टरनेसनल फ्राइट र लाओनिङ डानफिङ इन्टरनेसनल फर्वार्डिङमाथि प्रतिबन्धको घोषणा गरेको छ ।

अमेरिकाले एउटै मात्र आरोप उत्तर कोरिया र चीनलाई मुछेर लगाएको छ । उत्तर कोरियाबाट उत्पादित कोइला एउटा जहाजबाट अर्को जहाजमा राखेर अन्तर्राष्ट्रिय बजारमा बिक्री गगरिएको अमेरिकी आरोप छ । यसको अर्थ उत्तर कोरियाको कोइला चिनियाँ जहाजहरूमा ओसारेर बजारमा पुर्‍याइए भनेको हो । यस बारेमा थप अनुसन्धान पनि भइरहेको अमेरिकाले दाबी गरिरहेको छ ।

भियतनाममा अमेरिकी राष्ट्रपति ट्रम्प र उत्तर कोरियाली नेता उनबीचको वार्ता अमेरिकाको स्वार्थ अनुसार केही पनि फलदायी नभएपछि अमेरिकाको आग्रहमा उत्तर कोरियामाथि यो पछिल्लो प्रतिबन्ध लगाइएको हो । यस सन्दर्भमा अमेरिकाले उत्तर कोरियामाथि आणविक हातहतियारको उत्पादन र क्षेप्यास्त्र प्रणाली विकास कार्यक्रम स्थगित गर्न दबाब दिदै आएको छ ।

यसका साथै उत्तर कोरियाले आफूसँग भएका सबै प्रकारका आणविक अस्त्र तुरुन्त नष्ट गर्न दबाब दिइरहेको छ । तर उत्तर कोरियाले भने यदि यो कदम उत्तर कोरियाले चाल्ने हो भने त्यसपूर्व नै राष्ट्रसङ्घीय प्रतिबन्धहरू तत्काल फुकुवा गराई विश्वसनीय वातावरण निर्माण गरिनु पर्छ भनिरहेको छ ।

अमेरिकी स्वार्थअनुसार उत्तर कोरियाले सजिलै आणविक अस्त्रशस्त्र कटौती गर्छ भन्ने आधार पनि छैन । अमेरिका यसका लागि केही पनि दिन तयार छैन । बरु यसले उत्तर कोरियामाथि बमबारी गर्छु मात्र भनिरहेको छ । यसका लागि त उत्तर कोरियाले थप प्रतिरोधी अस्त्रहरूको विकासमा जोड दिनुपर्ने देखिन्छ । उत्तर कोरियाले पनि वार्ता मार्फत शक्ति सञ्चय गरेको देखिन्छ । अमेरिकाले पनि उत्तर कोरियामाथि आक्रमणका लागि उचित समय खोजिरहेको छ ।

सन् २०१७ मा उत्तर कोरियाले आणविक हातहतियार र ब्यालेस्टिक क्षेप्यास्त्रको परीक्षण गरेलगत्तै राष्ट्रसङ्घले उत्तर कोरियाविरुद्ध विभिन्न प्रतिबन्धहरू घोषणा गरेको थियो । यी प्रतिबन्धहरूमा उत्तर कोरियाले प्रशोधित पेट्रोलियम पदार्थ आयात गर्न र कोरियाबाट कोइला निर्यात गर्न नपाइने कुराहरू प्रमुख रहेका छन् ।

अमेरिकी आरोप अनुसार करिब २६३ ट्याङ्कर प्रशोधित पेट्रोलियम उत्तर कोरिया भित्रिएको छ । यदि ती ट्याङ्करहरू पूरा भरिएको अवस्थामा रहेका भए कोरियाले करिब ३७ लाख ८० हजार ब्यारेल इन्धन देशमा भित्र्याएको छ । राष्ट्रसङ्घले एक वर्षका लागि केवल पाँच लाख ब्यारेल तेल मात्र उत्तर कोरियाले आयात गर्न पाउने सीमा निर्धारण गरेको छ ।

# 'कवि पाश र सपनाहरूको स्मृति'



● संगीत स्रोता

*पाशका थुप्रै कविता हिन्दीमा अनुवाद गरेका जवाहरलाल नेहरू विश्वविद्यालयका प्रोफेसर चमनलाल भन्छन्, 'पाशका कविताले सामान्य पाठकदेखि जनतान्त्रिक संघर्षमा जोडिएका मजदूर, किसान, महिला, विद्यार्थी, दलित र ट्रेड युनियन कार्यकर्ताहरूसम्मका लागि जनतान्त्रिक संघर्षको अन्तिम विजयको ओजमा विश्वास गर्न प्रेरक भूमिका खेल्नेछन्'*

कविता लेख्नु र क्रान्तिकारी विचार बोक्नु पनि कसैका लागि खतरनाक भइदिन्छ, काठमाडौंमा कृष्ण सेन इच्छुकका सन्दर्भमा त्यस्तै भयो र पन्जाबमा कवि पाशका जीवनमा । त्यस्तो नहुँदो हो त यी दुई क्रान्तिकारी कविहरू अहिले पनि कवितामा रंगीन सपना भरिरहेका हुन्थे । कवि पाश भन्थे- सबैभन्दा खतरनाक हुन्छ सपनाको मृत्यु हुनु ! मार्च २३ उनै कवि पाशको स्मृति दिवस हो । ३८ वर्षको जाग्दो उमेरमै हत्या नभएको भए उनी यतिबेला चौंसठ्ठी वर्षमा हिंड्दै हुन्थे । दमन र अत्याचारविरुद्ध लेखिएका पाशका अधिकांश कविताले मजदुर, किसान, महिला र संघर्षरत मान्छेका पक्षमा चर्को स्वर दिन्छन् । श्रमजीवीका सपना दबाउन वा मार्न चाहनेहरू पाशका कविता रुचाउँदैनन् । तर जो सुन्दर संसारको सपना देखिरहन्छन् र सपना जोगाउन चाहन्छन्, उनीहरूका लागि पाशका यी पंक्ति सर्वप्रिय छन्- 'सबैभन्दा खतरनाक हुन्छ, हाम्रा सपनाहरूको मृत्यु हुनु !'

जीवनको अन्तिम कविता 'सबैभन्दा खतरनाक' छापिएपछि पाशबाट नयाँ कविता लेखिने क्रम त समाप्त भयो तर संसार छाडेको दुई दशक नाघिसक्दा उनका पन्जाबी भाषाका कविताले हिन्दी, अंग्रेजी, नेपाली, बंगालीलगायतका भाषामा उल्था हुँदै लाखौं पाठकका हृदयमा सपना भरिरहेका छन् । र, मानिसका सपनालाई मर्नबाट जोगाउन उनका थोरै कविताले पनि उत्तिकै उर्जा थपिरहेका छन् ।

पाशको खास नाम अवतार सिंह सन्धु हो । साहित्यमा भने उनी पाश उपनामले नै प्रसिद्ध छन् । भाषा र भूगोलको सीमाभित्र हेर्दा पाश भारतीय हुन् र त्यसमा पनि पन्जाबी मूलका । तर, उनका शक्तिशाली सिर्जनाले दिनप्रतिदिन भाषा र भूगोलका पर्खाल भत्काइरहेका छन् । जालन्धर जिल्लाको तलवंडी सलेम गाउँमा उनी सन् १९५० सेप्टेम्बर ९ मा जन्मेका पाश पन्जाबमा नक्सलवादी आन्दोलन फैलिरहेका बेला हुर्के, जतिबेला जमिन्दार, उद्योगपति र दलाल व्यापारीविरुद्धको क्रान्तिकारी आन्दोलन झन्झन् बढ्दो थियो । माध्यमिक तहसम्मको अध्ययन सकेपछि उनले कपुरथलाको जुनियर टेक्निकल स्कुल, जालन्धरको सन्ध्याकालीन कलेजलगायतमा उच्च शिक्षा हासिल गरेका थिए । सन् १९६७ मा उनी भारतको सीमा सुरक्षा बलमा भर्ती पनि भए तर तीन महिना नपुग्दै कविले त्यो जागिर छाडिदिए र १९६९ तिर नक्सलवादीहरूको संगतमा पुगे ।

नक्सलवादी आन्दोलनमा जोडिएपछि पाशको पहिलो कविताकृति 'लोह कथा' (सन् १९७०) छापियो । यही वर्ष झुठो ज्यान मुद्दामा उनलाई पक्रियो र निर्दोष साबित भएपछि सन् १९७१ मा रिहा गरियो । त्यसपछि पनि उनी दुई-दुई पटकसम्म गिरफ्तार भए । सन् १९७२ मा उनले 'सियाड' पत्रिका प्रकाशन गर्न थाले । एक वर्षसम्म चलेपछि यो पत्रिका बन्द भयो । सन् १९७४-७५ मा उनले 'हेम ज्योति' पत्रिका पनि सम्पादन गरे । सन् १९७३ मा दोश्रो कृति 'उडदे बाजाँ मगर' छापियो । २८ वर्षको उमेरमा राजविन्द्र कौरसँग पाशको विवाह भयो । त्यही वर्ष अर्थात् सन् १९७८ मा तेश्रो कविता कृति 'साडे समियाँ विच' छापियो । जीवनको यही अवधि पाशको सबैभन्दा सक्रिय सिर्जनशील अवधि थियो ।

पाश जीवनको अन्तिम अवस्थासम्म पनि कविता लेखन र पत्रिका प्रकाशनमा दत्तचित्त भएर लागे । सन् १९८६ मा क्यालिफोर्निया पुगेका उनले त्यहींबाट ' एन्टी-४७ फ्रन्ट' नामको पत्रिकाको सम्पादन गरे । अर्को वर्ष उनी अमेरिका फर्के । बिदाको समयमा अमेरिकाबाट पन्जाब आएका बेला आफ्नै गाउँमा खालीस्तानी पृथकतावादीहरूले कवि पाशको निर्मम हत्या गरे । संयोग, जुन दिन भारतीय क्रान्तिकारी युवा नेता भगतसिंहको हत्या भएको थियो, त्यही दिन अर्थात् २३ मार्च १९८८ मा गरियो क्रान्तिकारी कवि पाशको निर्मम हत्या पनि । पञ्जाबमा २३ मार्चमा भगतसिंह र कवि पाशको स्मृतिमा संयुक्त सहिद दिवस मनाइन्छ । दुवै पञ्जाबका क्रान्तिकारी योद्धा थिए- भगतसिंह बेलायती साम्राज्यवादविरुद्ध क्रान्ति र स्वतन्त्रताका लागि सशक्त आन्दोलनका पक्षधर थिए भने पाश थिए क्रान्तिका लागि साहित्यिक र वैचारिक लडाइँमा समर्पित जनकवि ।

पाशको हत्यापछि पनि 'हम लडेंगे साथी' (१९८८), 'खिल्लरे होए वर्के' (१९८९) 'बीचका रास्ता नहीं होता' (१९८९), 'पाशके आसपास' (१९८९), ' अक्षर अक्षर' (१९९८), 'लहु है कि तब भी गाता है' (१९९८), 'पाशकी कविताएँ' '(२००५) जस्ता थुप्रै कविता संकलनका कैयौं संस्करण निस्के । उनका कविताको हिन्दी, अंग्रेजी, नेपालीलगायतका भाषामा थुप्रैपटक अनुवाद भइसकेको छ । उनको 'सबसे खतरनाक' कविता भारतमा ११ कक्षाको पाठ्यक्रममा पनि समावेश छ । पन्जाबमा उनको स्मृतिमा पाश मेमोरियल अन्तर्राष्ट्रिय ट्रस्ट स्थापना गरिएको छ । हरेक वर्ष मार्च २३ मा भारत र संसारभरिका क्रान्तिकारी कवि-साहित्यकारहरूले पाश स्मृति दिवस मनाउँछन् ।

पाशका थुप्रै कविता हिन्दीमा अनुवाद गरेका जवाहरलाल नेहरू विश्वविद्यालयका प्रोफेसर चमनलाल भन्छन्, 'पाशका कविताले सामान्य पाठकदेखि जनतान्त्रिक संघर्षमा जोडिएका मजदूर, किसान, महिला, विद्यार्थी, दलित र ट्रेड युनियन कार्यकर्ताहरूसम्मका लागि जनतान्त्रिक संघर्षको अन्तिम विजयको ओजमा विश्वास गर्न प्रेरक भूमिका खेल्नेछन् ।'

भारतीय प्रगतिवादी संस्कृतिकर्मी तथा कवि कात्यायनीका भनाइमा ' पाशको क्रान्तिकारी मानवतावाद अन्तिम साससम्म पनि जिउँदो थियो । अन्तिम साससम्म उनी जीवन, संघर्ष, सिर्जना र सौन्दर्यको गायक बनिरहे, सत्यको घोषणा-पत्र पेश गरिरहे, विद्रोहको घोषणा गरिरहे, परजीवी शोषक-शासकवर्गलाई चुनौति दिइरहे, भगुवाहरूलाई धिक्कारिरहे र यथास्थितिवादीका मुखमा थुकिरहे ।'

पन्जाबको साँघुरो गाउँमा जन्मे-हुर्केका पाशको परिचय आज कवितामार्फत् संसारभरिका जनतासामु विस्तार भइरहेको छ । विश्वसाहित्यमा पाब्लो नेरुदा र नाजिम हिक्मतले नेतृत्व गरेको कविताधाराका कवि मानिने पाशलाई भारतीय कविताका लोर्का पनि भनिन्छ । उनी कवि मात्रै थिएनन्, जनसंघर्षका अथक योद्धा पनि थिए । जीवनप्रति निरन्तर निष्ठावान् पाशले जनताको आन्दोलनलाई सपना भरिएका कविता मात्रै दिएनन्, रगतको समेत नतिरिने गुन लगाए ।

नेपालमा पनि उनका कविता अत्यन्तै रुचाएर पढिन्छ । पाशले भारतको दुनियाँमा त्यतिबेला देखेको सत्य अहिले पनि आधारभूत रूपमा बदलिएको छैन । त्यो सत्य यति सार्वजनीन छ, भारतको निकट उत्तरी सीमानाभित्र नेपालमा पनि हामी त्यस्तै सत्य भोगिरहेका छौं । जीवन्त शान्ति, सार्थक संविधान र समृद्ध नेपालको सपना देखिरहेका नेपाली श्रमजीवी जनता पनि उत्तिकै चिन्तित छन्- कतै हाम्रा सपनाको पनि मृत्यु हुने त होइन ? त्यसैले पाशका कविता नेपाली सन्दर्भमा पनि सार्थक र उत्प्रेरक छन् ।

अन्त्यमा, पाशको बहुचर्चित कविता 'सबैभन्दा खतरनाक' को एक अंश उनकै सम्मानमा-

*"श्रमको लुट सबैभन्दा खतरनाक हुन्न*
*पुलिसको पिटाई सबैभन्दा खतरनाक हुन्न*
*गद्दारी लोभको मुट्ठी सबैभन्दा खतरनाक हुन्न*
*बसिरहँदा पक्राउ पर्नु नराम्रो त हुँदै हो*
*तर त्यो पनि सबभन्दा खतरनाक हुन्न*
*सबैभन्दा खतरनाक हुन्छ*
*मुर्दा शान्तिले भरिनु*
*कुनै छटपटी नहुनु*
*सबै सहनु*
*घरबाट काममा निक्लनु*
*र कामबाट खुरुखुरु घर फर्कनु*
*सबैभन्दा खतरनाक हुन्छ*
*हाम्रा सपनाहरूको मृत्यु हुनु !"*

०००

**(सन्दर्भः भारतीय क्रान्तिकारी युवा नेता भगतसिंह र कवि पाश स्मृति दिवस, २३ मार्च) (प्रस्तुत सामग्री संगीत स्रोताको फेसबुक पेजबाट लिइएको हो ।)**

# उत्पीडनको चिडिया घर हो जेल



● मेरी टाइलर

एक दिन निकै नै गर्मी बढिरहेको थियो । मलाई दुई भिक्षुणीले भेट्नका लागि जेलको अफिसमा बोलाए । यिनीहरूमा एउटा स्वीस र अर्की अष्ट्रियन थिए । उनीहरूको निर्विकार तथा चम्किरहेको अनुहार र शान्तिपूर्ण मुद्राबाट यस्तो लाग्दथ्यो कि उनीहरू वरपरको घटनाबाट पूरा उदासिन छन् । कोही भूतपूर्व कैदीको तस्वीर मुनि उनीहरू बसिरहेका थिए र सुपरिन्टेन्डेन्टको श्रीमतीले गरिरहेको कुरा सुन्दै तथा दिएको कफीको चुस्की लिँदै र केक खाँदै गरेको देखेर मलाई यस्तो लाग्यो म हजारौं माइल धूलोले भरिएको गर्मीको सडक तथा गर्मीले सुख्खा खेतमा उभिएकी हुँ । मलाई यस्तो लाग्यो कि म हुलिराखेको झ्यालसम्म गए भने मलाई हरियाली पहाडको तथा बरफले ढाकिएको कोठाहर देख्न पाऊँ ।

उनीहरूमाथि वर्ष लामो समय पनि पूरै अप्रभाविक लागि रहेको थियो । अल्पाइनको फूल तथा स्वटजरल्याण्डको पुस्तक देखेर मेरो यो धारणा अझै पुष्टि भयो कि यो पुस्तक मेरो लागि ल्याइएको थियो । वास्तविकताबाट कटेका कारण उनीहरूको लोभरहित आनन्दको बारेमा मैले सोचिरहे । फेरि पनि मसँग भेटघाट गर्ने उनीहरूको उदारतालाई प्रशंसा नगरिरहन सकेन ।

त्यस दिन दिउँसो पछि अफिसबाट फर्किंदै गर्दा बाटोमा एक कैदी भेटिए उनी केही दिन पहिले हाम्रो वार्डमा ल्याइएका थिए । उनी जातिले( धोवी थिइन् र उनी हाम्रो समस्याहरूको बारेमा वा दुर्भाग्यको बारेमा भविष्यवाणी गर्ने गर्दथिन् । उनले अन्य महिलाहरूलाई राम्रो मान्दैन थिइन् । उनले अत्यन्तै रहस्यमय ढंगले मलाई नजिक आउन इशारा गरिन् । मैले सम्झनै सकेको थिएन कि कुरा के थियो ? मलाई बस्न इशारा गर्दै बस्न भनिन् र कानेखुसी गर्दै भनिन्-" दिदीको तिमीले जान्दछ्यौं सिक गर्भपतन कसरी गरिन्छ ? " म संकटमा परे । तथापि, मकहाँ अनौठो अनुरोध आएको थियो -यो पहिलोपटक थियो जब मसँग यस्तो कामको लागि अनुरोध गरियो ।

उनले यो भन्दै गइन् कि यस्तो कुरामा उनलाई थोरै पनि जानकारी छैन । मैले जान्न चाहे कि कसको गर्भपतन गर्ने भनेर उसले अलमोनीतिर इशारा गरिन् । ऊ दुब्लीपातली र विरामीजस्ती देखिने महिला थिई । उसको हाउभाउ र उदास अनुहार देखेर मलाई पहिल्यैदेखि शंका लागेको थियो कि ऊ गर्भवती छे । अलमोनीको लोग्ने एउटा धनी किसानलाई लुट्ने काम गरेको भनी कथित भिडन्तको सिलसिलामा मारिएको थियो । त्यो घटनापछि उसलाई र उसकी साथी राधामोनीलाई गिरफ्तार गरिएको थियो ।

त्यो धोवीले अलमोनीलाई यो कुरा सम्झाइ दिएकी थिइ कि जब ऊ जेलबाट रिहा भएर जानेछ, तब गाउँमा कुनै पनि मानिसहरूले यो विश्वास गर्ने छैनन् कि यो बच्चा उसको मृत पतिको हो । उनलाई जेलमै गर्भवती भई भनी गाउँबाट बाहिर निकालिदिनेछन् । यो आम धारणा थियो कि जेल यस्तो एउटा खतरनाक ठाउँ हो, जहाँ महिलाहरू आफ्नो सतित्वको रक्षा गर्न सक्तैनन् । तथापि, मकहाँ यस्तो घटना कहिल्यै आएको थिएन । फेरि पनि त्यो धोवी महिलाले उसलाई सजिलैसँग उसको कुराको फन्दामा पारिहाली । यस अतिरक्त उसले पनि चाहँदैन थि कि बच्चा जन्मियोस् । उसलाई समस्या थियो कि त्यो बच्चा जन्मिएपछि पनि कसरी पाल्ने ?

जब कि दुईदुईवटा बच्चा पहिल्यै घरमै बसिराखेका छन् । उसले पनि सोचि सकेकी थिइ कि यस्तो समस्याबाट बच्ने एक मात्र उपाय भनेको गर्भपतन हो । मैले उसलाई सल्लाह दिएकी यो विचार छोड किनकि यो कामको लागि जेलमा सुविधाहरू उपलब्ध छैनन् । तर यस्तो लाग्दथ्यो कि बच्चा नजन्माउन भनेर उसले पूरै मानसिकता तयार पारेकी छे । उसले खानपिन बन्द गरिसकेकी छे र यो आशा गर्न लागिसकेकी छे कि सायद कमजोरीको कारणले आफ्नो गर्भपात हुनेछ ।

हाम्रो बहुप्रतिक्षित समारोह होली महिलाहरूको बीचमा नयाँ सम्बन्ध कायम गर्ने महत्वपूर्ण सावित भयो । निर्धारित तिथी भन्दा पहिले पर्ने आइतबारको दिन हामीहरू उपवास बस्यौं र आफ्नो साधनलाई एकै ठाउँमा जुटायौं । हाम्रो साथमा पीठो, चामल, आलू तारेकीको तेल र खुर्सानीको भण्डार जम्मा भयो । बिहान सबेरै पुडी, आलु तरकारी बनाउन बितायौं, तेलमा तार्‍यौं ।

निमको रूख सुनि बसेर एकै साथ भोजन गर्‍यौं । हामीहरूले महिनाभरि जे खाना खान्थ्यौं, त्यो भन्दा राम्रो खाना आज खायौं । मलाई असाध्यै खुशान्त यस कुरामा भएको थियो कि पहिलोपटक एकताकासाथ एउटै कार्यक्रम गर्‍यौं र त्यसलाई कार्यान्वयन पनि गर्‍यौं । त्यस समय एकताको वातावरण जुन बन्यो, त्यहाँ सबै जाति र मानिसहरूको संगम भयो । तमाम आपसी विद्वेष र अवरोधहरू माथि विजय प्राप्त भयो । त्यो थोरै समयकोलागि मात्र किन नहोस् । यो जेल जीवनमा एउटा सुखद् र अद्‌भूत अनुभव थियो ।

२३ अप्रिलको दिन हामीलाई जमदेशपुर लगिएन किनकि हजारीबागमा हिन्दू मुश्लिम बीच दङ्ग भड्किरहेको थिो र पुलिसका सबै उपलब्ध शक्तिहरू दंग नियन्त्रण गर्न लगाइएको थिो तर मजाको कुरो त यो थियो कि जेलमा हिन्दू र मुश्लिमको बीचमा असाध्यै राम्रो एकता थियो । बाहिर दंगको कारणले अप्रिल महिना पूरै नराम्रो भएको थियो । होलीको केही दिनपछि मुसलमानको तिहार आयो । साधारणतया कट्टरमन्थीहरूले यो सोच्दथे कि मुश्लीम धार्मिक सम्प्रदायको दुईवटा गुटको बीचमा (सुन्नी र सीया) अनु) दुईवटा गुटको बीचमा गडबढी पैदा गरिदिन चाहन्थे ।

यस बीचमा निकै नै धरपकड भयो हाम्रो वाडमा एकातिर हिन्दु र एकातिर मुश्लीम बनाएर राखियो । दुवैले आफ्नो नारा लगाउँथे । त्यस समयमा हाम्रो मुद्दा कहिलेसम्म स्थगित हुन्छ भनेर केही पनि भनिएको थिएन । मैले यति सोचेर शान्ति लिइ रहेको थिए कि लु लाग्ने घाममा मलाई यात्रा गर्नुपर्ने छैन ।

## कविताहरू

### सज्जन र दुर्जन



● कृष्णभक्त महर्जन 'कगेन्द्र'

*सज्जन र दुर्जनको*
*लुकामारी हुँदा*
*सज्जनले दुर्जन भन्छ*
*दुर्जनले सज्जन भन्छ*
*सज्जन हो कि*
*दुर्जन हो*
*केही पत्तो छैन*
*पत्ता लाउनेले*
*कसरी अनुसन्धान गरिरहेछ*
*पत्ता लाउनेले*
*कसरी मूल्यांकन गरिरहेछ*
*सज्जन, दुर्जन*
*दुर्जन, सज्जन*
*देखिन्छ यहाँ*
*भावीको खेल हो कि*
*चक्रव्युहको खेल हो*
*ज्ञान भनेको*
*सज्जनलाई नै थाह छ*
*ज्ञान भनेको*
*दुर्जनलाई नै थाह छ*
*दुबैमा खरब, अरब छ*
*व्यवहार भने शून्य छ*
*सज्जन को होला*
*दीर्घकालीन रणनीति*
*दुर्जनको होला*
*तत्कालीन कार्यनीति*
*सज्जनसँग कुरा गर्न*
*लखनऊ, सिलगुढी धाए*
*दुर्जनसँग कुरा गर्न*
*बालाजु, खरिपाटी धाए*
*लुकाममारी खेल्दै गर्दा*
*फरक जामा पहिरिदै*
*झुटको भुमरीमा डुबाई*
*सज्जन भन्छ*
*एकबाट सुरु हुन्छ*
*दुर्जन भन्छ*
*दुईबाट सुरु हुन्छ*
*एक नभैकन*
*दुईबाट कसरी हुन्छ*
*ढोकाबाट नछिरी*
*झ्यालबाट छिर्छ*
*सज्जन ढोका*
*बनाउन लाग्छ*
*दुर्जन झ्यालबाट*
*छिरिसकेको हुन्छ*
*बेइमान भएर*
*छिड्‌की हाल्नेसँग*
*इमान भएर*
*अन्तिमसम्म लडिरहन्छु ...*

### प्रतिबन्ध



● *विजय पोखरेल*

ख्याल गर
याद गर
प्रिय सरकार
तिमी फुल विनाको
वास्नाको खोजिमा छौ
रिमोट बनेर
कसैको गोजिमा छौ ।

तिमीलाई के कति थाहा छ
त्यो मलाई चासो छैन ।
तर मलाई यति थाहा छ
दुनियामा क्रान्तिको शुरुवात
रक्तपातबाटै भएको छ ।
मैले यो देखेको छैन
दमनले बिद्रोह रोकिएको
तर मैले यो देखेको छु
विद्रोहले राज्यसत्ता ढलेको ।

तिमी आखा देख्छौ भने
कान सून्छौ भने
तिमीलाई देश र जनताको
माया छ भने ।
त्याग सत्ता उन्मादको घमण्ड
प्रतिबन्धको नाममा
आफ्नै दाजुभाइलाई
वन्द कोठामा
गुम्साउने प्रयत्न गनर ।

ती गुम्सिएका पिडाहरू
मिसाईलमा परिणत भएर
बिष्फोट भएभने
तिम्रा प्रतिबन्ध
पानीका फोका
सावित हुनेछन् ।

## कति फाप्ला...

मिलायो । तर एकातिर अमेरिकाले हालसम्म 'आतंकवादी' को लिष्टमा नै राखेका र अर्कोतिर आफ्नै पृष्ठभूमि सिध्याएका अति त्यसका अलावा वैधानिक सेल्टरहरू चाहार्दै हिंडेका दाहालका लागि पछिल्लो अमेरिकी 'सेल्टर' त्यति सहज र सुविधाजनक हुने शुभ संकेत कतै पनि देखा पर्दैन ।

## सम्झनामा...

खोल्न सक्नु भएन । तर शाहीसेनाको दाँत झारिदिनु भयो । दुश्मनको ठूलो संख्याको कारणले पुनः घेरामा पर्नु भयो । त्यो बेला क. मनोज चौधरी क.अनु तामाङ.र क.ऋषि रेग्मीले गर्न भएको प्रतिरोध चानचुने वीरताको प्रतिरोध थिएन ।

क. ऋषि रेग्मी, क. मनोज, कमरेड अनु तामाङलाई गिरफ्तार पछिको ४ घण्टापछि, जुटपानी बजारको पानीट्यांकी अगाडीबाट बिहान ६:३० बजे गिरफ्तार अखिल (क्रान्तिकारी)का जिल्ला सचिवालय सदस्य रामबहादुर खड्कालाई गिरफ्तारी पछिको ११:३० घण्टापछि, घरमै बसिरहेका कुखुरा व्यवसायी टीका अधिकारीलाई गिरफ्तारी पछिको ५ घण्टापछि साँझ ६ बजे चितवन जिल्लाको वीरेन्द्रनगर ६ पाखीबासमा नक्कली मुठभेडको नाममा क्रुरतापूर्वक कायरतापूर्ण तरिकाले हत्या गरे ।

उहाँको मृत्युले केवल एउटी आमाको कोख रित्तिएन, एउटा भाइको प्यारो दाजु, एउटा साथीको एक असल मित्र मात्र गुमेन, बरु गम्यो एक युगलाई हाँक्ने योद्धा र जनयुद्धको राजनीतिक सिपाही । संघर्षको मैदानबाट कत्ति पनि विचलित नभइकन प्राण आहुती नयाँ क्षितिजका लागि समर्पण गर्न सक्ने यस्ता महान् रातामान्छे मुक्तिकामी जनताको नजरमा सधैं छाइरहने छ ।

संसारमा वर्ग विभेदी राज्य सत्ताको अन्त्य गर्दै समता मूल समाजको कल्पना गर्नुदै जीवनको न्यौछावर गर्नेहरू सामान्य मान्छे हुन सक्दैन । ती मान्छेहरूको सम्मान शब्दबाट होइन, जीवन व्यवहारबाट गर्नुपर्छ । त्यसैले, महासमरका ती योद्धाहरूको स्मरण कायरहरूले उल्टो व्याख्या नगरोस्, तीनको विजयको गाथा वालुवामा होइन, ढुंगामा लेखियोस् ।

यस्तै मनसुवा भएकाहरूको नेतृत्व गर्दै मन मिल्ने विचार मिल्नेहरूको संकल्पमा हामीले ११ जना महान् मान्छेहरू (ऋषि रेग्मी, शारदा श्रेष्ठ, ऋतु, विकास अधिकारी, किरण पौडेल, शिवहरि अधिकारी) जसले वुर्जुवा शिक्षालाई थाती राखेर सप्तगण्डकी कलेजको उच्च शिक्षालाई थाती राखेर जनताको शिक्षाको लागि, मुक्तिको लागि आफूलाई बलिदानी गरे उनैको सम्झनामा सहिद स्मृति प्रतिमा २०६८ सालमा एउटै ढुंगामा निर्माण गरेका छौं ।

यो एक सहयोद्धा प्रतिको भावना पनि हो । विचार प्रतिको प्रतिबद्धता पनि हो, वर्ग प्रतिको चट्टानी अडान पनि हो । वर्ग समर्पणवादीहरू प्रतिको विद्रोह पनि हो । जनताको तागताको प्रतिमा हो । वर्ग संघर्षको तागत र आगामी तुफानी संघर्षको सूचना पनि हो । महान् सहिदप्रतिको सम्मान पनि हो ।

## इण्डो–प्यासिफिक...

तथा राष्ट्रिय स्वाधीनताका हिसाबले यो गम्भीर विषय हो । चीन र भारत कतिपय सवालमा मिलेर पनि गइरहेका छन् । अमेरिकाले चीन र भारतलाई फुटाउन खोजिरहेको छ । चीन र भारत दुवै ठूलो अर्थतन्त्र भएका मुलुक हुन् । नेपालको सन्दर्भमा कतै मिल्ने त होइनन् यिनीहरू । त्यो आशंका पनि उठ्न थालेको छ । लिपुलेक सम्झौता चीन र भारतले गरेका हुन् । नेपालको एउटा स्वतन्त्र परराष्ट्र नीति, आफ्नै खुट्टामा उभिने प्रकारको सरकार र पार्टी भएनन् भने नेपालमा बढो अप्ठ्यारो हुन्छ । राष्ट्रिय स्वाधीनतामाथिको खतराको विषयलाई हामीले बारम्बार उठाउँदै आएका छौं । यी तीनवटा शक्तिकेन्द्रहरूसँगको सन्तुलनमा नेपालको हितका निम्ति कसरी जाने हो भन्ने विषय टड्कारो बनेको छ । यो ओली सरकारको यसमा भरै छैन । कता हो कता हो ? विश्वास कसैले पनि गर्दैनन् । सबैले आफूतिर तान्न खोजिरहेका छन् ।

हामीले भन्दै आएका छौं– यो सरकार कम्युनिस्ट सरकार होइन । हालै नेपालको राष्ट्रिय सन्दर्भमा तीनवटा महत्वपूर्ण घटनाहरू घटे । टिकापुर घटनामा रेशम चौधरीलाई मुद्दा लगाएर जन्मकैदको फैसला सुनाइयो । सिके राउतलाई छाडियो र विप्लव नेतृत्वको नेकपालाई प्रतिबन्ध लगाइयो । सामान्यतः कैलालीको टिकापुर घटनालाई हेर्दा थारु, मधेशीहरूले ज्यादती गरेका हुन् भनेर पहाडी, मधेसी र थारुहरूलाई विभाजित गराउन गरिएको षड्यन्त्र अनुसार प्रतिक्रियावादीहरूले गराएको घटना हो त्यो । काँग्रेसका नेता देउवा, माकेका लेखराज भट्टहरूले पुरै पहाडीयाहरूलाई उचालिरहेका थिए । त्यसबेला हामीले त संविधानको विरोध तथा खारेजीको माग गरेर आन्दोलन गरिरहेका थियौं । कतिपय विषयमा मधेसी तथा थारुहरूसँग हाम्रो सहकार्य पनि चलिरहेको थियो । त्यसबेला देव गुरुङलाई त्यहाँ पठाएका पनि थियौं । त्यो घटना घटेपछि विशाल जुलुस आयो । त्यो कहाँबाट आयो ? थारु समाजमा बढघर सिस्टम हुन्छ । बडघरले बोलायो भने पूरै आउने चलन हुन्छ । थारु समाज उर्लिएर आयो । पहाडी र थारु, प्रहरीहरूबीचमा पनि अन्तर्विरोध थियो । स्वस्फूर्त रूपमा घटनाहरू घटे । यो मुद्दा मधेसीहरूले मात्र उठाउने होइन, कम्युनिस्टहरूले उठाउने मुद्दा हो । आन्दोलनको बीचमा भएको घटना भएकोले यसलाई राजनीतिक सहमतिको आधारमा टुङ्ग्याइनु पर्दछ । जनयुद्धको प्रक्रियामा घटेका पनि थुप्रै घटनाहरू छन् । यो घटनालाई राजनीतिक सहमतिको आधारमा टुंग्याउनुको सट्टा रेशम चौधरीलगायत ११ जनालाई जन्मकैदको फैसला गरिएको छ । यो गम्भीर घटना हो ।

सिके राउतको सन्दर्भ त देशलाई टुक्र्याउने कुरा हो । देशलाई विखण्डन गराउने हो । उनको पार्टी नै पृथकतावादी पार्टी हो । तिनै सिके राउतलाई पूरै रहस्यमय ढंगले आकस्मिक रूपमा रिहा गरियो । ओलीको शैली कस्तो शैली हो त्यो । आफ्ना पार्टीका मान्छेसँग पनि कुरा छैन । प्रतिपक्षसँग पनि कुरा छैन । यो गम्भीर विषय हो । सिकेसँग गरिएको सहमतिमा द्विअर्थी दिने भाषा प्रयोग गरिएको छ । यो सहमतिको पछाडि पनि अमेरिकीहरूको हात र स्वार्थ रहेको गम्भीर आशंका छ । सिके राउतको कुरा इन्डो प्यासिफिकमा अमेरिकी रणनीतिसँग जोडिएको त छैन गम्भीर आशंका छ ।

अहिले परिस्थिति उल्टिएको छ । हिजो जनयुद्धको बेला तत्कालीन कांग्रेस एमालेहरूले बोल्ने भाषा प्रचण्ड–बादलहरूले बोल्न थालेका छन् । विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाएका छन्, नेता कार्यकर्ता गिरफ्तार गर्ने र यातना दिने गरेका छन् । उल्टै ऐतिहासिक परिवर्तन र छलाङको कुरा गरिरहेका छन् । खाडलमा, नर्कमा पस्दा पनि गौरव गर्दा रहेछन् गद्दारहरूले । विप्लव समूहको राजनीतिक कस्तो छ त्यो अलग कुरा हो तर अहिले उ सत्ताका विरुद्ध लडेको छ । अब रूपान्तरणका निम्ति गम्भीर बन्नु पर्ने स्थिति आइसकेको छ । यतातिर सबै कम्युनिस्ट क्रान्तिकारीहरूले गम्भीर भएर सोच्न जरुरी छ ।

*(नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौंको जिल्ला प्रशिक्षण कार्यक्रममा शनिबार प्रस्तुत विचारमा आधारित)*

## नेपालमा...

हुने क्रान्तिकारीहरूबीचमा ध्रुवीकरण समेत बढ्दै गएको दावी गरे । हिजो जनयुद्ध लडेको शक्तिको एक हिस्सालाई अर्को हिस्सालाई सिध्याउन अहिले प्रतिबन्ध लगाउने जस्ता घटनाहरूले परिस्थिति गम्भीर बन्दै गएको र इतिहास फेरि पुनरावृति हुँदै गएको बताए ।

कार्यक्रमलाई सहिद तथा वेपत्ता योद्धा परिवार समाजका संयोजक दिनेश शर्मा सागर, देजमो ३ नं. प्रदेशका अध्यक्ष पवनमान श्रेष्ठलगायतका नेताहरूले साँस्कृतिक सहिदहरू लगायत परिवर्तनको आन्दोलनमा सहिदहरूले गरेको योगदानको विषयमा चर्चा गरेका थिए ।

प्रा.डा. जगदिशचन्द्र भण्डारीले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवालीले गरेका थिए भने स्वागत डा. ताराकान्त पाण्डेले गरेका थिए । पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीसको समेत उपस्थिति रहेको कार्यक्रममा मित्रलाल पंज्ञानी, बसन्त बोगटी, संगीत श्रोता, राजु स्याङ्तान, बलराम तिमिल्सिना, शिला योगी, छायादत्त न्यौपाने, प्रभात सापकोटा, सुनिता बुढाथोकी, इन्दिरा अधिकारी, विष्णु न्यौपानेलगायतका कविहरूले क्रान्तिकारी कविताहरू प्रस्तुत गरेका थिए । कार्यक्रमको बीच बीचमा सामना साँस्कृतिक परिवारका कलाकारहरूले जोशिला क्रान्तिकारी गीतहरू प्रस्तुत गरेका थिए ।

कार्यक्रममा सहिद च्याङ्वा लामाकी छोरी लगायत सहिद पविारहरूको समेत उपस्थिति रहेको थियो ।

## प्रधानमन्त्री...

निम्त्याए । ओली सरकारको कार्यशैलीले पनि त्यस्तै संकेत गरेको छ ।"

वर्तमान व्यवस्थाको विकल्प सडक आन्दोलन रहेको भन्दै उनले चैत्र २४ गते काठमाण्डौमा हुने वृहत जनप्रदर्शनमा सहभागी हुन आम नागरिकमा आह्वान समेत गरे ।

मोर्चाका केन्द्रीय सचिवालय सदस्य तथा चार नम्बर प्रदेशका संयोजक केशबहादुर परियारको सभापतित्वमा भएको सम्मेलन उद्घाटन कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का नेताहरू अनुकूल, रामजी, निलबहादुर पुन, निश्चललगायतका नेताहरूको उपस्थिति रहेको थियो । सम्मेलनमा मोर्चाका केन्द्रीय सदस्य, जबस मोर्चाका केस तथा प्रदेशका प्रमुखहरूको समेत आतिथ्यता रहेको थियो ।

त्यस्तै सम्मेलनमा विभिन्न राजनितिक दलका नेताहरू, पत्रकार, समाजसेवी, सामाजिक अगुवा लगायतको समेत आतिथ्यता रहेको बताइएको छ ।

## देजमो ५ नं...

सचिवालय सदस्य समेत रहेका नेता केवी गुरुङको नेतृत्वमा ३९ सदस्यीय प्रदेश कमिटि निर्वाचित गरेको छ ।

प्राप्त समाचार अनुसार प्रदेश कमिटिको अध्यक्षमा केवी गुरुङ, उपाध्यक्षमा पिताम्बर आचार्य, सचिवमा हिरामणि दुःखी, सह-सचिवमा विक्रम भण्डारी र कोषाध्यक्षमा तेजकुमारी थापा निर्वाचित भएका छन् । सदस्यहरूमा सुरेश ओली (बाँके), नरेन्द्र बन्जाडे (दाङ), ज्ञानीराम पुरी (कपिलवस्तु), रामप्रसाद पोखरेल (रूपन्देही), राजु खनाल (परासी), टीकामन बुढामगर (रोल्पा), हिमबहादुर केसी (प्युठान), केशव अधिकारी (गुल्मी), पदम लामिछाने (पाल्पा), अशोक थापा (अर्घाखाँची), निमकला आचार्य(महिला), सुशिला आचार्य (महिला), कनिज मियाँ (महिला), पवित्रा घर्ती (महिला), कमला गौतम (महिला), गोमा पोखरेल (महिला), लक्ष्मी चौलागाई (महिला), मैसरा बुढा (महिला), खुमानन्द भुसाल (किसान), विनयकुमार यादव (मधेसी), टिपु सुल्तान (मुस्लिम), मोजिब अलि (मुस्लिम), अर्जुन तरामु (मगर), गोपाल नेपाली (दलित), महेश खटिक (सहिद परिवार), विश्वम्भर थारु (थारु), महेश श्रेष्ठ (विध्यार्थी), ईश्वरीप्रसाद गैरे (दाङ), भगिरथ चापागाईं (युवा), धनविर चौधरी (थारु), पुष्पा डिसी (महिला) रहेका छन् ।

मंगलवार नेपालगञ्जमा भव्य सभाबीच उद्घाटन समारोह सम्पन्न गरेको मोर्चाले बुधवार बन्द सत्र राखेको थियो । बन्द सत्रले मोर्चाको प्रदेश संयोजकको रूपमा नेता केवी गुरुङले प्रस्तुत गरेको प्रतिवेदन व्यापक छलफलसहित पारित गरेको थियो र ३९ सदस्यीय प्रदेश कमिटि निर्वाचित गरेको थियो । निर्वाचित कमिटिको पहिलो बैठकले उल्लेखित पदाधिकारी चयन गरेको थियो । मोर्चाले अब २४ चैत्रमा हुने मोर्चाको राष्ट्रिय सम्मेलनलाई व्यापक र प्रभावकारी रूपमा सम्पन्न गर्न प्रदेशको तर्फबाट खेल्नु पर्ने भूमिकालाई ठोस रूपमा अगाडि बढाउने निर्णय समेत गरेको मोर्चाका नवनिर्वाचित सचिव दुःखीले बताए ।

## नेपालमा...

तर उक्त टिकट काउन्टर उद्घाटनको भोलिपल्टदेखि नै बन्द रहेको छ ।

अहिले नेपाली भूमिमा संयुक्त राज्य अमेरिकी शक्ति निकै बलशाली बन्दै गएको छ । यसले चीनविरोधी आक्रामक गतिविधिहरू नेपालमा सञ्चालन गर्ने योजना बनाएको देखिन्छ । विदेश मन्त्री प्रदीप ज्ञवाली अमेरिका पुगेर राष्ट्र, राष्ट्रियता र नेपाली जनताका विरुद्धमा हुने गरी केही डरलाग्दा सन्धिसम्झौताहरू गरेर फर्किएका छन् ।

मन्त्री ज्ञवालीले अमेरिकीसँग गरेको सम्झौताअनुसार अब नेपाल असंलग्न देश नै रहेन । नेपालको परराष्ट्रनीति असंलग्न नै रहेन । अब पूर्ण रूपमा अमेरिकी तथा पश्चिमासँग संलग्न रहने अवस्था आएको छ । यो भनेको अमरिकाले नेपाली भूमि चीन, रसिया तथा उस्तै परेमा अरुँदा दिनमा कुनै बखत भारतविरुद्ध प्रयोग गर्न पाउने छ ।

अमेरिकी लगानी निर्वाध र निशर्त गर्न पाउने, ओली सरकारले नेपाल सरकारको हैसियत होइन केवल एक सहजकर्ताको भूमिका मात्र निर्वाह गर्न पाउने, लगानी लगाउने, विस्तार गर्ने, मुनाफा उठाउने, लगानीका स्रोतहरूमाथि अमेरिकी लगानीकर्ताको स्वामित्व रहने, वर्कपर्मिटको कुनै पनि व्यवस्था नरहने जस्ता कुराहरू परराष्ट्रमन्त्री ज्ञवालीले गरेको सम्झौतामा छन् ।

त्यसै गरी फ्रि तिब्बतको मामलामा नेपाल सरकारले कुनै पनि हस्तक्षेप गर्न नपाउने, नेपाली दुर्गम इलाकाहरूमा अमेरिकी ग्रेट रहने भएकाले त्यहाँ अमेरिकी सुरक्षा पहुँचको व्यवस्थामा नेपाल सरकारले व्यवस्था गरिदिने गरी सर्वाधिक राष्ट्रघाती र जनविरोधी र नेपाली जनजीविका अमैत्री सन्धिसम्झौता गरेर आएका छन् । प्रम ओलीले भने भैं यो बि.सं. २०८० सालबाट नेपाल बाटोको सुरुङ त होइन, अमरिकी सुरुङ युद्धमा परिणत हुने छ । नेपाली जनतालाई ठग्दा र ढाँट्दा 'बाटोको सुरुङ निर्माण' भनिदिने तर भित्रभित्र चीनविरोधी अमेरिकी सुरुङ युद्धमा देशलाई फसाउने नियतलाई बेलैमा बुझ्न जरुरी छ ।

देशको विकासका लागि सरकारले विकास निर्माणका कामहरू गर्नु गराउनु ठीकै कुरा हो । तर यसको पछाडि विदेशी रणनीतिक स्वार्थका डरलाग्दा काला कर्तुतहरू अघि सारिएका छन् । ओली सरकार पूर्णरूपमा अमेरिकी पोल्टामा गएको छ र सत्ताधारी नेकपाका ओली–दाहालसहितका अधिकांश नेताहरू क्रिश्चियन बन्दै अमेरिकी खेमामा बसाइसराइ गरिरहेका छन् ।

अमेरिकी स्वार्थमा नेपालमा गरिएका विविध गतिविधिहरूमा सबैभन्दा सम्वेदनशील विषय सिंहदरबार ने तीन दिनसम्म होटल सोल्टीमा सोरेर देशको शासन मुकाम बाहिर चलाइएको थियो । यो भनेको नेपाल र नेपालीहरूको मनोविज्ञानमा यसो त भइ नै रहन्छ भनेर पार्नका लागि गरिएको ट्रायल थियो । यो पनि ओलीको कार्यकालबाट सुरु भएको छ ।

नेपालमा अमेरिकी प्रभाव र गतिविधि एकलौटी जस्तो हुनथाल्दा परमाणु भट्टी निर्माण गर्न अतिआवश्यक युरेनियमको उत्खनन् तथा त्यसको निजी प्रयोगको बाटो खुल्ला गर्न ओली सरकारले कानूनी प्रक्रिया अघि बढाइकेको छ । नेपालमा गरिएका समृद्धिका कुरा नेपाल र नेपालीका हितमा ओली सरकारको बुद्धिविवेकले सहज रूपमा आएका वा ल्याइएका होइनन्, बरु यी त विदेशी शक्तिहरूका स्वार्थ र रणनीतिक योजनाअनुसार बोल्न र भन्न लगाइएका कुराहरू मात्र हुन् । अमेरिका लगायतका विदेशी शक्तिहरू चाहन्छन् उनीहरूको दलाल ओली सरकारले ती सबै कामका लागि राजनीतिक, कानूनी, सामाजिक तथा व्यवहारिक वातावरण तयार गरिदिओस् ।

## क्रान्तिकारी...

महासचिव किरणले रेशम चौधरीको जन्मकैद, सिके राउतसँग गरिएको ११ बुँदे सम्झौता र नेकपा विप्लवमाथि लगाएको प्रतिबन्धको विरोधका साथै प्रतिपक्षीय विद्यार्थी आन्दोलनको साझा मुद्दाको रूपमा राष्ट्रिय स्वाधीनताको मुद्दा र शिक्षा क्षेत्रमा बढ्दो निजीकरण, व्यापारीकरण तथा माफियाकरणको विषयलाई पनि सशक्त रूपमा उठाउनु पर्ने सुझाव दिएका थिए ।

महासचिव किरणले हाले पार्टीको स्थायी समितिको बैठकले ओली सरकारले रेशम चौधरी र नेकपा विप्लव समूहमाथि प्रतिबन्ध लगाएका विषयहरू राजनीतिक भएकाले समाधान पनि राजनीतिक हिसाबले गरिनु पर्ने र प्रशासनिक ढंगले हल गर्न खोजिनु गलत र निन्दनीय भएको निष्कर्ष निकालेको समेत बताएका थिए । पृथकतावादी आन्दोलन चलाइरहेका सिके राउतसँग रहस्यमय ढंगले अप्रत्यासित रूपमा गरिएको ११ बुँदे सम्झौता देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता तथा भौगोलिक अखण्डतासँग अभिन्न रूपमा जोडिएको संवेदनशील विषय भएकोले पार्टीले गम्भीर रूपमा लिएको महासचिव किरणले बताए ।

प्रतिपक्षीय संयुक्त विद्यार्थी संगठनहरूले यो पहलले विद्यार्थी आन्दोलन र राजनीतिक आन्दोलनमा उर्जा थप्ने संकेत दिएको भन्दै महासचिव किरणले सीमा अतिक्रमण, नक्कली नक्सा, ३७२ किमी देखि १० हजार १९ वर्ग किमीसम्म भूमि गायब पारिएका विषयहरू गम्भीर रूपमा उठिरहेका छन्, यी विषयहरूलाई पनि साझा मुद्दाको रूपमा विद्यार्थी आन्दोलनले सशक्त रूपमा उठाउन जरुरी रहेको बताए । साथै, शिक्षा क्षेत्रमा बढ्दो निजीकरण, व्यापारीकरण तथा माफियाकरणको विषयलाई पनि साझा मुद्दाको रूपमा उठाउन महासचिव किरणले सुझाव दिए ।

महासचिव किरणले विद्यार्थी संगठनहरूले राजनीतिक नेतृत्वहरूलाई पनि साझा मुद्दाको रूपमा राष्ट्रिय आन्दोलनको विकासका लागि पहल गर्न दिएको सुझाव तथा अनुरोध सकारात्मक रहेको प्रतिक्रिया दिँदै महासचिव किरणले वर्तमान सत्ता र व्यवस्थाका विरुद्ध हुने सबै कार्यक्रमहरूमा क्रान्तिकारी माओवादीको सक्रिय साथ र सहयोग रहने पनि बताए ।

क्रान्तिकारी माओवादी निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) का अध्यक्ष हरिकृष्ण गजुरेल, महासचिव पेशल दाहाल लगायतका नेताहरूले समन्वय गरेको भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा नेकपा विप्लवको विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)का अध्यक्ष चिरञ्जीवी ढकाल, नेपाली काँग्रेसको विद्यार्थी संगठनका पूर्व उपाध्यक्ष ऋषिकेश जंग शाही, नेकपा (माले) निकट अनेरास्ववियु (पाँचौं) का अध्यक्ष घनश्याम मिश्र, नेकपा (माके)को विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) का अध्यक्ष आलोक रायमाझी, नयाँ शक्ति विद्यार्थी युनियनका अध्यक्ष श्यामबाबु गौतम, अखिल नेपाल विद्यार्थी युनियन प्रविण मिश्र, राष्ट्रवादी विद्यार्थी संघका अध्यक्ष ताराप्रसाद अर्याल, समाजवादी विद्यार्थी फोरमका प्रतिनिधि रञ्जित झा, राजपाको विद्यार्थी संगठनको तर्फबाट श्याम यादव लगायतका नेताहरूले देशमा गम्भीर राजनीतिक संकट उत्पन्न भएको र राजनीतिक निकासका लागि सदन र सडकबाट आन्दोलनको आँधिबेहरीको उठान गर्नुपर्ने आवश्यकता औंल्याउँदै त्यसका निम्ति पहल गर्न र लिन महासचिव किरण तथा मोर्चा अध्यक्ष गौरवको ध्यानाकर्षण गराएका थिए । उनीहरूले नेताद्वय किरण र गौरवलाई नेपाली कम्युनिस्ट आन्दोलन तथा राजनीतिक आन्दोलनको शिखर व्यक्तित्व भन्दै खादा लगाएर सम्मान समेत गरेका थिए ।

## अखिल (क्रान्तिकारी)द्वारा श्रद्धाञ्जली व्यक्त

काठमाडौं । अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य हिम्मत महराका बुवा रणबहादुर महराको ६२ वर्षको उमेरमा २०७५ चैत्र ८ गते सेती अञ्चल अस्पतालमा उपचारको क्रममा देहान्त भएको खबरले अत्यन्त दुःखित भएका छौं भन्दै अखिल (क्रान्तिकारी) का अध्यक्ष हरिकृष्ण गजुरेलले एक शोक वक्तव्य जारी गरी दिवंगत महराप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेको छ र शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०८४६११०६
बिक्की शर्मा गुरागाँई- ९८५११९५८८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

**रोयल बुईपा A/C जम्बो हाईस**

गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - [illegible]
- [illegible]
इन्द्र कट्टेल - [illegible]

गाईघाट सम्पर्क नम्बर
फोन नं. [illegible]
पुरुषोत्तम खनाल - [illegible]
- [illegible]

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**रुद्रताल यातायात प्रा.लि.**
ढोरपाटन-१, बुर्तिवाङ, बाग्लुङ

**सुमो दिवा सेवा**
*बुर्तिवाङ, खरवाङ, हतिया, बाग्लुङ, पोखरा हुँदै काठमाडौंसम्म*
काठमाडौं सम्पर्क नं. ९८१०२५१८६३
बुर्तिबाङ सम्पर्क ९८१०२५१८६४
सुझाव र सल्लाहको लागि ०१-४३५२२२२ र ९८५१०४९९५१

**सेवाहरू**
बुर्तिबाङ-काठमाडौं दैनिक सेवा सहित घर-घरमा पुऱ्याउने व्यवस्थाको साथै नेपालभित्रको जुनसेकै गन्तव्य स्थलको धार्मिक यात्रा, शैक्षिक भ्रमण, निजी पारिवारिक भ्रमणका लागि गाडी चाहिएमा सम्पर्क राख्नुहोला ।

**हिमाल-तराई यातायात सेवा समिति**

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्ज्याङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

**टाटासुमो बोलेरो**
(रिजर्भ चाहिएमा)

| | |
|---|---|
| ०४७-५२११६९ | सिन्धुली |
| ९८४१०१६०४९ | ढकाल बाजे |
| ९८६०१०२७३८ | विश्व |
| ९८४४२५२३८५ | सानोभाई |
| ९८४११०६९६७ | संजीव |
| ९८४५७८४३०७ | प्रदीप |
| ०१-५१००४९४ | कोटेश्वर |
| ९८४४००८४०० | लाल बहादुर |

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५, ९८४४०७६२६१, ९८३१२८४३०

## आलोपालो

# कति फाप्ला दाहाललाई 'अमेरिकी सेल्टर' ?



● कुमार शाह

राजनीतिक जीवनको उत्तरार्धमा विश्व महाशक्ति तथा स्वदेशी शक्तिका कारण हुने घरेलु शक्ति सन्तुलनअनुसार राजनीतिक रङ फेरिरहन्छन्- पुष्पकमल दाहाल । उनले राजनीतिक मौसमअनुसार फेर्ने रङले उनले लिने शेल्टरहरूसँग पनि 'म्याच' खानु पर्छ । यही म्याचका लागि उनले फरक फरक सोंच र प्रकृतिका वैधानिक शेल्टरहरू अदलीबदली गरिरहन्छन् । एकपछि अर्को सेल्टरको खोजी र परिवर्तनका लागि दौडिइरहन्छन् ।

जनयुद्ध कालमा विचार तथा नेतृत्वको बचाउका हिसाबले विभिन्न भूमिगत सेल्टरहरू फेर्दै र ठाउँठाउँ चाहार्दै हिंड्नु तत्कालीन आवश्यकता थियो । तर दुर्भाग्य ! सेल्टर फेरिरहने प्रक्रिया दाहालका लागि खुल्ला तथा वैधानिक अवस्थामा पनि उत्तिकै जरुरी हुन गयो । उनीभित्र रहेको असीम त्रास र अस्थिर सोचले उनलाई फेरिइरहने बनायो । जनयुद्धको भूतले सबैभन्दा उनैलाई लखेटिरह्यो । जनयुद्ध बिघटन, जनसत्ता बिघटन, जनसेना बिघटन, क्रान्तिकारी पार्टी बिघटन र उनको अफ्नै पारिवारिक बिघटन भएर पनि उनलाई विगतको भूतले लखेट्न छाडेन । उनी नयाँ नयाँ सेल्टरहरूको खोजी र फेरबदलमा लागिरहे र लागिरहेका छन् ।

सेल्टर परिवर्तनसँगै दाहाल अहिले अमेरिकामा छन् । उनी जीवन संगिनी सीता दाहालको उपचारको निहुँ बनाएर त्यहाँ पुगेका हुन् । स्वयम् उनलाई पनि बूढेसकालले निकै छोएको छ । र, सताएको छ पनि । तर जीवनको उत्तरार्धसम्म पनि उनी एउटै सेल्टरमा निद पुगुन्जेल सुत्न सकेनन् । एक रात काट्न पनि कहर भयो उनलाई हरेक सेल्टरमा । तरंगित र दिग्भ्रमित हुने उनको पर्याय र पहिचान दुवै हो । साँचो हुनुपर्छ कायरका लागि एक जुनी पनि चौरासी लाख जुनी जिएको सरह हने गर्दछ ।

उनी आफ्नो जीवनबाट आफै लज्जित छन् र आफै आजित छन् । साथै, उनलाई पछ्याउनेहरू पनि आजित र दोलायमानको अवस्थामा जिइरहेका छन् । उनको कायरतालाई धूप बालेर पूजा गर्ने धूपौरेहरू पनि उनीसँगै छन् । उनको कायरतालाई भजाउने र भोज खानेहरू पनि उनको वरिपरि छन् । युद्ध कालमा कारवाही गरिएकाले हाल बदला लिनेहरू पनि उनीसँगै टाँसिएका छन् । दाहाल काँप्दै उनको 'भगवान'सँग पुकारा गर्छन्- 'ईशु मलाई मेरै वरिपरिकाहरूबाट बचाए, रक्षा गरे ।'

हाल जीवन रक्षाकै लागि उनी अमेरिकामा पुगेका छन् । उनले त्यहाँ पुगेर दुई उद्देश्यहरू हासिल गर्नु छ । पहिलो, अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको स्थितिलाई मध्यनजर गर्दै आफू खुलेर अमेरिकी खेमामा सामेल भएको खुला सन्देश दिनु । दोस्रो, अन्तर्राष्ट्रिय तथा घरेलु मामलामा उनीमाथि थोपरिएको 'युद्धअपराधको मुद्दा' केही समयका लागि शिथिल बनाउनु वा रणनीतिक रूपमा लम्ब्याइदिनु । यसपछिको तेस्रो कुरा भनेको नेपालको वर्तमान सत्तामा भागबण्डा आलोपालोको ग्यारेन्टी गर्नु ।

यी कुरा पाउनका लागि उनले ससानो उद्यम त गर्नै परेको थियो । यसका लागि भारतीय शासक मोदीसँग आन्तरिक छलफल गरी भेनेजुएलाको बम फ्याँकिदिए । यो बम फ्याँकिए पछि उनी उनी आफै त्रासमा परे । अर्का अध्यक्ष तथा प्रधानमन्त्री ओलीलाई सन्त्रासमा पारे । ओलीले 'वर्ड स्लिप' र 'टङ स्लिप'का कुरा गरे । तर दाहाल भने एक रात पनि राम्रो गरी 'स्लिप' गरेनन् । अन्ततः उनले फेरि आत्मसमर्पण गर्न पुगे अमेरिकी एम्बेसीमा । उनले सेल्टर फेरे । महाशक्तिको स्वार्थअनुसार रातारात कित्ता परिवर्तन गरे । रातारात अमेरिकी क्याम्पमा प्रवेश गरे । उनका नजिकमा रहेका स्रोतहरूका अनुसार 'अमेरिकाले केवल ओलीलाई मात्र 'रिकग्नाइज' गरेको थियो, अब भने भेनेजुएलाको काण्डपछि पुष्पकमल दाहाललाई पनि अमेरिकाले 'रिकग्नाइज' गरेको छ' ।

आत्मसमर्पणमा अमेरिकाले विश्वास गर्नुका पछाडि पनि केही आधारहरू त छन् । पहिलो कुरा त उनले अन्डरग्राउण्ड सेल्टर त्याग्नु र ओभर ग्राउण्ड वा ओपन सेल्टरमा सर्नु नै थियो । वृहत् शान्ति संझौताले यसमा काम गरेको थियो । यो संझौताका लागि उनले २०५२ सालको जनयुद्ध, जनसत्ता, क्रान्तिकारी पार्टी, जनसेना र त्यसको 'लिगेसी'सम्म त्याग गरिसकेका थिए । विचार सिध्याएपछि उनलाई बचाउनु थियो- एक मुट्ठी सास, हाडखोड र छाला ।

उनी स्थानीय सरकारको निर्वाचनमा नेपाली कांग्रेसको कभर र सेल्टरका लागि निकै मरिहत्ते गरेर लागे । तर त्यो पनि भारतीय शक्तिका कारण संभव भएन । बरु उनलाई जबर्जस्त एमालेसँग घरबार गराइयो । उनी एमालेमा सेल्टर लिन पुगे । रातारात भारतीय शक्तिले 'वाम गठबन्धन' निर्माण गरिदियो । ओलीलाई बहुमतको सरकार निर्माण गर्नु थियो एकातिर भने अर्कोतिर भार तसँग केही नयाँ सम्बन्ध पनि बनाइराख्नु थियो ।

यो वाम नामको गठबन्धनलाई लिएर अमेरिका र भारतका बीचमा केही आन्तरिक जुहारी पनि चले । भारत 'कमन वेल्थ नेशन' को सदस्यका हिसाबले बेलायतले पनि केही कुरामा आफूहरूका लागि स्पष्टता चाह्यो कि भारतले नै आफैले किन वाम गठबन्धन निर्माण गरिदियो नेपालमा ? भारतले यसका लागि केही शंका र विमतिका अन्तर्राष्ट्रिय बोझहरू पनि बोक्यो ।

अलि केही धेरै भएपछि भारतले देशका तर्फबाट स्पष्टीकरण पनि दियो, बीबीसी नेपाली सेवामार्फत् । नेपालका लागि भारतीय जानकार अशोक मेहताले भारतको पहलमा नेपालमा बनाइएको एमाले र माओवादी केन्द्रको वाम भनिएको गठबन्धन विदेशी महाशक्तिहरूले देखेका र विश्लेषण गरेका जस्तो वाम गठबन्धन नै नभई भारतद्वारा बनाइएको 'नवराष्ट्रवादीहरूको गठबन्धन' भएकाले धेरै शंका/आशंका नगर्न आग्रह पनि गर्‍यो ।

तर अमेरिका, बेलायत र भारतका बीचमा कुटनीतिक दाउँपेच चलि नै रहे । यो बेलामा अमेरिका केही बढी नै चनाखो हुन खोजेको पनि देखिन्थ्यो । उसलाई नेपालमा बनेको यो गठबन्धनको खेलमा चीनको सल्लाह र हात कति छ भन्नेमा चिन्ता थियो । मोदीको आगमनसँगै भारत र चीनको बीचको सहकार्य अमेरिकाका लागि पाच्य पनि भएको थिएन ।

यसै अवसरको खोजीमा अमेरिकाले ओलीसहितको सिंगो सरकारलाई आफ्नो हातमा लियो र दाहाललाई पनि आफूसँग ...बाँकी ७ पेजमा

# शिक्षालाई नि:शुल्क बनाउन अखिल (क्रान्तिकारी)को माग



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले एक वक्तव्य निकाली शिक्षालाई निःशुल्क बनाउन माग गरेको छ । संगठनका अध्यक्ष हरिकृष्ण गजुरेलले निकालेको वक्तव्यमा आफूहरूको मागलाई वेवास्ता गरिए चरणबद्ध संघर्षको घोषणा गर्ने चेतावनी समेत दिइएको छ । वक्तव्यमा भनिएको छ, "शिक्षा, स्वास्थ्य र रोजगारको पुर्ण रूपमा राज्यले जिम्मा लिनुपर्ने कुरालाई हामीले निरन्तर रूपमा जोडदार ढंगले उठाउँदै आइरहेका छौं । तर बिडम्बना जनताका मौलिक हकभित्र पर्ने यी कुराहरूलाई राज्यले दृढताका साथ कार्यान्वयन गर्ने भन्दा पनि पन्छिने र उल्टै शैक्षिक दलाल, तस्कर, माफिया र भ्रष्टहरूलाई संरक्षण गर्नमै सरकार तल्लिन रहेको कुरा व्यवहारत प्रष्ट देखिन्छ । विद्यालय तहमा विदेशी पाठ्यक्रम लागु गर्ने कुरा यथावत नै रहनु र नीजि स्कूलहरूले मनपरि ढंगले भर्ना प्रक्रिया अगावै मनपरि शुल्क लिने कुरा प्रति हाम्रो संगठन गम्भीर ध्यानाकर्षण गराउन चाहन्छ । अवैज्ञानिक शुल्क रोकी बैज्ञानिक शुल्क लागु गरि भर्ना प्रक्रिया अगाडि बढाउन समेत हाम्रो संगठन सरकारसँग जोडदार माग गर्दछ ।"

वक्तव्यमा अगाडि भनिएको छ, "यसका साथै अहिले मेडिकल कलेजहरूमा भैरहेका गतिविधिहरूले त झनै चकित बनाएको छ । यसले त मेडिकल माफियाहरूको जालो कति भयानक रहेछ भन्ने थप प्रष्ट पारेको छ । उल्टै सरकार त मेडिकल माफियाहरूको संरक्षण गर्नेतिर नै केन्द्रित रहेको देखिन्छ । यी यावत विषयहरू प्रति हाम्रो संगठन नेपाल सरकार समक्ष ध्यानाकर्षण गराउँदे आम नेपाली जनताको शिक्षा, स्वास्थ्य र रोजगार एवं गाँस, वास, कपासको पुर्ण रूपमा जिम्मा राज्यले लिओस् । शिक्षा स्वास्थ्य लगायत सबै क्षेत्रका दलाल, तस्कर, भ्रष्ट र माफियाहरूलाई कारबाही गर्न समेत जोडदार माग गर्दै शिक्षा र स्वास्थ्यमा भैरहेका माफियाकरण, दलालीकरण, भ्रष्टीकरण र तस्करीकरणको अन्त्य गरि शिक्षा पुर्ण रूपमा राष्ट्रियकरण, निशुल्क एवं सर्वसुलभ बनाउन नेपाल सरकारसँग जोडदार अपिल समेत गर्दछौं ।

यदि हाम्रो आग्रहलाई बेवास्ता गर्दै अघि बढेमा हामी चरणबद्ध संघर्षका कार्यक्रमहरू घोषणा गर्न बाध्य हुनेछौं । त्यसबाट उत्पन्न हुने परिणामको जिम्मेवार सम्बन्धित पक्ष नै हुने कुरा समेत जानकारी गराउन चाहन्छौं ।"

## प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान र रक्षा गर्न माग

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले वक्तव्य जारी गरी कालिकोटबाट प्रसारण हुने रेडियो कर्णालीको स्टुडियोमै प्रवेश गरी त्यहाँ कार्यरत बरिष्ठ प्राविधिक तथा सम्वाददाता कर्ण विश्वकर्मालाई प्रहरी प्रशासनले ७ फागुन, २०७५ मा पक्राउ गरेको घटनाले हाम्रो संगठन क्रान्तिकारी पत्रकार महासंघको गम्भीर रूपमा ध्यानाकर्षण भएको बताएका छन् र संविधान प्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको धज्जी उडाउँदै राज्य प्रशासनले पत्रकार विश्वकर्मालाई पक्राउ गरेको यो घटनाको हाम्रो संगठन घोर भर्त्सना एवम् कडा शब्दमा निन्दा गरेका छन् । वक्तव्यमा पक्राउ गरिएका पत्रकार विश्वकर्मालाई अविलम्ब रिहाईका लागि जोडदार माग गरिएको छ ।

वक्तव्यमा अगाडि भनिएको छ, "यो घटनालाई हाम्रो संगठनले शाहीकालीन कालरात्रीलाई बिर्स्याउने गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि गरिएको हस्तक्षेपको रूपमा लिएको छ । र, यसै वक्तव्यमार्फत् आफूलाई वाम तथा कम्युनिस्ट बताउने ओली सरकारलाई संविधान प्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारको सम्मान र रक्षा गर्न बन्न र यस्ता कदम आइन्दा दिनमा नचाल्न समेत सचेत गराउन चाहन्छ ।"

### विप्लवका...

सहित आठ जना कमरेडहरूलाई गिरफ्तार गरिएको प्रकाशमा आएको छ । केही समययता सो समूहका नेता तथा कार्यकर्ताहरूलाई पक्राउ गर्ने र यातना दिने क्रम बढ्दै गएको छ । साथै, सो समूहमाथि प्रतिबन्ध समेत लगाइएको छ । सरकारको यो फासिवादी व्यावहार निन्दनीय छ । र, हाम्रो पार्टी त्यसको कडा विरोध तथा भर्त्सना गर्दछ ।"

वक्तव्यमा विप्लव नेतृत्वको नेकपामाथि लगाइएको प्रतिबन्ध फिर्ता गर्न, सो समूहप्रति राजनीतिक व्यवहार गर्न, समस्याको समाधान प्रशासनिक रूपमा होइन वार्ताद्वारा समाधान गर्न र नेता कार्यकर्ता पक्राउ गर्ने तथा यातना दिने कामलाई अविलम्ब रोक्न पार्टीको तर्फबाट सरकारसित जोडदार माग गरिएको छ ।

### देजमो ४ नं...

कमिटीको उपाध्यक्षमा सुशिला थापा, सचिवमा बावुराम सुवेदी, सह-सचिवमा परशुराम कोईराला, कोषाध्यक्षमा गुञ्जबहादुर भण्डारी निर्वाचित भएका छन् ।

समितिका सदस्यरुमा भिम बहादुर श्रीस, तेजेन्द्र पौडेल, पूर्ण गुरुङ, पिताम्वर तिवारी, नेत्र रानाभाट, कर्ण बहादुर पुन, कृष्ण कट्टेल, छवि घले रहेका छन् ।

यस्तै समितिका सदस्यहरूमा अगन वहादुर विश्वकर्मा, देवि थापा, विष्णु राना, बम बहादुर छन्तयाल, सीता परियार, काजीबाबु श्रेष्ठ, तिलक अधिकारी, टेक बहादुर गुरुङ्ग, गिता पाण्डे, महान गुरुङ्ग, बेनी बहादुर थापा, कल्पना थापा, सन्त बहादुर भुजेल, उत्तम थापा, गोपाल जि.सी., राजेन्द्र तमु, हेमेन्द्र घर्तिमगर, भिम प्रसाद पौडेल रहेका छन् ।

समितिका अन्य सदस्यहरूमा कल्पना गौतम, टिकाराम काफ्ले, याम बहादुर सामै मगर, खुमती गुरुङ्ग, एम.डी. पोखेल, विक्रम थापा, मनकुमार न्यौपाने, कमल सिग्देल, राम बहादुर पुन, विना बुढाथोकी र याम कार्की रहेका छन् ।

नवनिर्वाचित समितिले ९ सदस्यीय सचिवालय समिति समेत चयन गरेको छ । नवर्निवाचित कार्य समितिलाई देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सिपी गजुरेल र सचिव परि थापाले बधाई एवं शुभकामना दिएका थिए ।

नयाँ कार्य समितिलाई चैत्र २४ गते काठमाडौंमा हुने विशाल जनसभा तथ सम्मेलनमा जनप्रदर्शनको तयारी गर्न निर्देशन समेत दिएका गरेका थिए ।

## क्रान्तिकारी ट्रेड यूनियन महासंघको ४ नं. प्रदेश कमिटि गठन

पोखरा । अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ ४ नं. प्रदेशको भेलाले महासंघको प्रदेश कमिटि निर्माण गरेको छ । महासंघका केन्द्रीय कार्यालय सदस्य एवं प्रदेश न. ४ का संयोजक कृष्ण कट्टेलको अध्यक्षता तथा ने.क.पा. (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य एवं प्रदेश न. ४ का मजदुर फ्याक्सन इन्चार्ज रामजी थापाको विशेष उपस्थितिमा सम्पन्न भेलाले ११ सदस्यीय ४ नं. प्रदेश कमिटि निर्माण गरेको हो । भेलाले महासंघको प्रदेश अध्यक्षमा कृष्ण कट्टेल (गोरखा) र सदस्यहरूमा कर्ण बहादुर पुन (कास्की), शेरधन राई (कास्की), प्रेम वि.क.(कास्की), शिव बहादुर दराई(नवलपुर), थम्मन वि.क.( बागलुङ), केशवराज भट्टराई(तनहुँ), टेक बहादुर थापा(पर्वत), दीपक थापा(स्याङ्जा), बिष्णु राई(कास्की) लगायत रहेका छन् ।


काठमाडौं महानगरपालिकाको
सार्वजनिक अपिल

- महानगरपालिकामा तिर्नुपर्ने सम्पूर्ण कर समयमै तिरेर सभ्य नागरिकको परिचय दिउँ ।
- महानगरपालिकालाई पूर्ण सरसफाइयुक्त महानगर बनाउन सबै एकसाथ जुटौं ।
- घरपरिवार, विद्यालय, समुदाय तथा सम्पूर्ण समाजमा बालमैत्री वातावरण निर्माण गरौं ।
- बालश्रम दण्डनीय छ । १४ वर्षभन्दा कम उमेरका बालबालिकाहरूलाई कुनै पनि शर्तमा काममा नलगाऔं ।
- ज्येष्ठ नागरिकहरूलाई माया, सहयोग र सम्मान गरौं । दया र सहानुभूति कहिल्यै व्यक्त नगरौं ।
- अपाङ्गमैत्री भौतिक तथा सामाजिक संरचना निर्माण गरौं ।
- सबै क्षेत्रको नेतृत्व तहमा अनिवार्य ५० प्रतिशत महिला सहभागिताको नीतिलाई सार्थकतामा बदलौं ।
- भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी प्रविधि अपनाऔं ।
- समयमा नै व्यक्तिगत घटना (जन्म, विवाह, मृत्यु, बसाइसराइ, सम्बन्ध-बिच्छेद) दर्ता गर्ने बानी बसालौं ।
- वातावरण मैत्री महानगर बनाउन सबैले आ-आफ्नो स्थानबाट जुटौं ।

काठमाडौं महानगरपालिका











प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : बद्री बजगाई, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।